घर वरिपरिको वातारण
सफा र स्वच्छ राखौं,
रोगब्याधिबाट बचौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ १९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 4 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८

## वीरगंजका सबै विद्यालय बस सेवासहित पूर्णरूपमा सञ्चालित

प्रस, वीरगंज, १९ भदौ/

वीरगंज महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू पूर्णरूपमा सञ्चालनमा आएसँगै स्कूल बसहरूसमेत चलाउन शुरू भएको छ।

वीरगंज महानगरपालिकाले साउन पहिलो साताबाट महानगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने स्वीकृति दिएको थियो। हुनत अघि पनि महानगरपालिकाले नयाँ शैक्षिक सत्र असार १ गतेदेखि नै विद्यालय सञ्चालन गर्न स्वीकृति दिएको थियो। तर त्यतिखेर कोरोनाको कहर शहरमा देखापरिरहेको कारण जिल्ला कोभिड व्यवस्थापन समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले विद्यालय सञ्चालनको लागि महानगरपालिकाले दिएको स्वीकृतिमा अंकुश लगाएका थिए। उनले विद्यालय सञ्चालनका लागि नगरप्रमुख विजयकुमार सरावगीको प्रस्तावलाई




समितिको बैठकमा बहसको विषय नै बनाएनन्।

तर पछिल्लो समयमा पर्सा जिल्लामा सङ्क्रमित सङ्ख्या घटेर अस्पतालका शय्याहरू खाली भएको र मृत्यु दर पनि नदेखिएपछि महानगरपालिकाले दिएको निर्देशन अनुसार ठूला कक्षा भौतिकरूपमा सञ्चालन हुँदा पनि रोक लगाएका छैनन्। महानगरपालिकाको स्वीकृतिबाट मात्र सञ्चालित यहाँका संस्थागत र सामुदायिक विद्यालयहरू हालका दिनमा पूर्णरूपमा सञ्चालनमा आएको अवस्था छ। साना कक्षामा अध्ययनरत विद्यार्थीहरूलाई पनि स्कूलले सूचना जारी गरेर बोलाएको छ र मङ्गलवारदेखि यहाँका विद्यालयहरू पूर्णरूपमा सञ्चालनमा आइसकेका छन्।

विद्यालय पूर्णरूपमा सञ्चालनमा आएसँगै स्कूल बसहरू पनि गुड्न थालेका छन्।

जिल्ला प्रशासन कार्यालय, पर्साले वैशाख १६ गतेदेखि लगाएको निषेधाज्ञा अहिले आधिकारिकरूपमा हटाइएको छैन। अन्तिमपटकको बैठकले निषेधाज्ञा हटे-नहटेबारे प्रस्ट नगरी केही कुरा सञ्चालनमा निषेध गरेको थियो। पहिलो चरणमा साताव्यापी बैठक गरेर निषेधाज्ञा बारे निर्णय गर्ने गरिएपनि अहिले दुई महीनादेखि यससम्बन्धी बैठक भएको छैन।

प्रजिअ घिमिरेले निषेधाज्ञा नरहेको प्रस्ट्याएका छन्। उनले साताव्यापी बैठक सम्भव नभएर अहिले बैठक लम्ब्याइएको बताए।

निषेधाज्ञा छैन तर सीमा शिल छ, भीडभाड गरेर सभा सम्मेलनमा रोक छ, अनि विद्यालय खोल्न इजाजत छैन। प्रजिअ घिमिरेले सो कुरा बताएपनि अहिले सीमाबाट आवतजावत जारी छ, सभा-समारोह, भेलाहरू भइरहेका छन् र विद्यालयहरू पनि सञ्चालनमा छन् तर यसविरुद्ध कारबाई भने गरिएको छैन। कोरोनाको कहर कम भएकोले जिल्ला प्रशासन कार्यालय यसबारे मौन रहेको जानकारहरू बताउँछन्।

## वीरगंजबाट अचम्मले मच्छर हरायो

प्रस, वीरगंज, १९ भदौ/

वीरगंज महानगरपालिका कार्यालयका सरसफाइ महाशाखा प्रमुख इन्जिनीयर राजीव सिंहले मौसम


मच्छर (लामखुट्टे)लाई कम गर्न प्रयोग हुने फगिङ मेशिन। तस्वीरः फाइल

परिवर्तनका कारण वीरगंज महानगरपालिकामा मच्छर (लामखुट्टे) को प्रकोप कमजोर भएको बताएका छन्।

दशकौंदेखि मच्छरको शहरको रूपमा परिचित वीरगंजमा करीब नौ महीनादेखि मच्छर-आतङ्क छैन। छिटपुट मात्र मच्छर देखा परेको छ। मच्छर विरुद्ध महानगरपालिकाले पाँच महीनादेखि कुनै अभियान नचलाएको प्रमुख सिंह बताउँछन्। उनले सात महीनादेखि मच्छर बारे शिकायत आउन छाडेको बताए।

यस अघि महानगरपालिकाले मच्छरको लार्भा मार्न र हुर्किएको मच्छर मार्न छुट्टाछुट्टै अभियान चलाउँदै आएको थियो।

वार्षिक तीनचारपटक मच्छर मार्ने अभियान चलाउँदै आएको प्रमुख सिंहले बताए। उनले एकपटक मच्छर विरुद्ध औषधि छर्न महानगरपालिकाको सातलाख सम्म खर्च हुने गरेको बताए। लामखुट्टे मार्न महानगरपालिकाको वार्षिक २८ लाखसम्म खर्च हुने गरेको थियो। गत आव र चालू आवमा त्यो खर्च जोगिएको छ।

यसैगरी मच्छरको प्रकोप कम भएको कारण मच्छर मार्न घर-घरमा प्रयोग हुने झुल प्रायः बन्द छ। यसैगरी मच्छरविरुद्ध प्रयोग हुने विभिन्न खाले औषधी, धूपको प्रयोग पनि कम भएको छ। एकजना पसलेले मच्छरविरुद्ध धूप पछिल्लो चरणमा घरेलु प्रयोगमा खुबै चलेको तर अहिले बिक्री बन्द भएको बताए। अलआउट, बेगनस्प्रे, कालाहिट, विभिन्न ब्रान्डका धूप, अगरबत्तीहरूको बिक्री बन्द भएको पसललेहरूले बताए।

उनीहरू वीरगंजबाट यस वर्ष अचम्मले मच्छरको प्रकोप कम भएको भन्दै आश्चर्य मानिरहेका छन्।

## सांस्कृतिक सम्पदा र स्वास्थ्य परियोजना पुनर्निर्माणका लागि सम्झौता

प्रस, वीरगंज, १९ भदौ/

भारत सरकारको नेरु ४२० करोड अनुदान सहयोगमा १४ वटा सांस्कृतिक




सम्पदा परियोजना र १०३ वटा स्वास्थ्य परियोजनाको पुनर्निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

ललितपुर, नुवाकोट, रसुवा र धादिङ जिल्लामा १४ वटा सांस्कृतिक सम्पदा परियोजना तथा ललितपुर, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, गुल्मी, गोरखा र काभ्रे जिल्लामा १०३ वटा स्वास्थ्य परियोजना पुनर्निर्माणका लागि भारतीय राजदूतावास र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन एकाइले शुक्रवार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

दूतावासका विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रथम सचिव करुण वंशल र केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) का परियोजना निर्देशक श्यामकिशोर सिंहको उपस्थितिमा दुवै पक्षले सम्झौतापत्रमा हस्ताक्षर गरेको नेपालस्थित भारतीय राजदूतावासको कार्यालयले जनाएको छ।

२०७२ सालको भूकम्पले क्षति पुगेका यी परियोजनाहरूको नेरु ४२० करोड अनुदान सहयोगमा पुनर्निर्माण गरिने छ।

दुवै स्वास्थ्य तथा सांस्कृतिक सम्पदा परियोजनाको कार्यान्वयन निकाय राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) ले गर्नेछ। हस्ताक्षर कार्यक्रममा भारतीय राजदूतावास, केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) का अधिकारी तथा भारत सरकारको परियोजना परामर्शदाताका प्रतिनिधिहरू सहभागी थिए।

## थरुहट क्षेत्रमा जग्गाको मूल्य आकाशियो

ओमप्रकाश चौधरी, सेढवा, १७ भदौ/

पर्साको ग्रामीण भेगमा जग्गाको मूल्य वृद्धि हुनुको साथै खरीद बिक्री बढेको छ। विशेषगरी गण्डक नहरदेखि उत्तर रहेको थारूवान क्षेत्रमा जग्गा खरीद बिक्री बढेको छ। हुलाकी सडक, जनता सडक तथा थरूहट सडक निर्माण भइरहेको हुँदा यातायात, बिजुली बत्तीको सुविधा विस्तार भएसँगै जग्गा खरीद-बिक्री पनि बढेको हो।

पटेर्वासुगौली गाउँपालिका- रामपुर निवासी सेवानिवृत्त शिक्षक महेन्द्र चौधरीले विभिन्न व्यवसाय सञ्चालनका लागि जग्गा खरीद-बिक्री बढेको बताए। उनले उद्योग, कलकारखाना, गाई, भैंसीपालन तथा कुखुरा फार्म व्यवसाय सञ्चालन गर्ने उद्देश्यले ठूलो क्षेत्रफलको जग्गाको माग बढेको बताए।

सडक छेउछेउका जग्गा छोइ नसक्नु भएकै छ खोला छेउछाउको जग्गाको पनि राम्रो दाम पाउन थालेको चौधरीले बताए।

पर्सागढी नगरपालिका-३ पकडियाका शिक्षक योगेन्द्र चौधरीले बढनियार बजारमा जनता सडकमा मोहडा भएको जग्गाको मूल्य आकाशिएको बताए। बजारमा हालै साढे पाँच लाख प्रतिधुरको दरमा जग्गा बिक्री भएको उनले बताए। अहिले सो क्षेत्रमा जग्गाको मूल्य वृद्धि भएसँगै प्लटिङ गर्ने काम पनि शुरू भएको छ।

पर्सागढी नगरपालिकाको तीनवटा वडामा अहिले प्लटिङको काम भइरहेको छ। प्लटिङ भएको स्थानमा पनि दुई लाख प्रतिधुर जग्गा तोकिएको छ।


बिक्रीका लागि प्लटिङ गरिएको जग्गा। तस्वीरः प्रतीक

शिक्षक चौधरीले घडेरी जग्गाको मोल आकाशिएसँगै खेतीयोग्य जमीनको पनि मोल बढेको बताए। पर्सा राष्ट्रिय निकुञ्जका कारण पर्यटन विकासको सम्भावना बढेर जीराभवानी तथा ठोरी गापामा जग्गा खरीद-बिक्री बढेको बताइन्छ।

जीराभवानी गापा-१ शान्तिनगरका रविमोहन सापकोटाले निकुञ्जको जङ्गल सीमासँग जोडिएका अधिकांश ठाउँमा होटेल, लज, रेस्टुरा सञ्चालन गर्ने उद्देश्यले जग्गा खरीद गर्ने काम हालका दिनमा बढेको बताए। हुलाकी सडकसँग जोडिएका जग्गा अहिले बीस लाख रुपियाँ प्रतिकठ्ठाको दरमा खरीद बिक्री भइरहेको उनले बताए। अहिले जग्गा खरीद बिक्रीका लागि दैनिक मानिसहरूको आवागमन बढेको छ।

ठोरी गापा-४ विजयबस्तीका राजनीतिकर्मी सन्तोष श्रेष्ठले भने यस क्षेत्रमा जग्गाको दाम सन्तोषजनकरूपमा वृद्धि नभएको बताएका छन्। उनले पाँच वर्ष अगाडि वृद्धि भएको मूल्य हालसम्म कायम रहेको बताए। सर्वोच्च अदालतले चितवन राष्ट्रिय निकुञ्जको जङ्गलमा भौतिक संरचना निर्माण गर्न नपाउने आदेश जारी गरेपछि जग्गाको मूल्य नबढेको श्रेष्ठले बताए। तर उनले पनि हाल जग्गा खरीद गर्नेको चहलपहल बढेको स्विकारे।

## एनआइसी एशियाको धोबिनी शाखामा चोरी



प्रस, वीरगंज, १८ भादौ/

पर्सा, धोबिनी गाँउपालिका-४ लङडीस्थित एनआइसी एशिया बैंक शाखा कार्यालयमा शुक्रवार बिहान चोरी भएको छ।

बैंकका शाखा प्रबन्धक सच्चिदानन्द चौहानले ल्यापटप-१ थान र कम्प्युटरका केही सामान चोरी भएको पुष्टि गरेका

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जो मनुष्य कट्टर दुराग्रही र वितण्डावादी हुन्छ, त्यससँगै कहिल्यै वादविवाद गर्नुहुँदैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# सुविधासम्पन्न नारायणी

**कुनै बेला नारायणी अस्पतालको नाम राजधानीबाहिरका अस्पतालमा प्रसिद्ध थियो । तत्कालीन अवस्थामा नारायणी अञ्चलका पाँचवटै जिल्ला र जनकपुर अञ्चलको तराई–मधेस क्षेत्रका बासिन्दाहरूका लागि रोग निदानको एक मात्रै सहारा नारायणी अस्पताल थियो । सीमावर्ती भारतीय क्षेत्रका सेवाग्राहीहरू ठूलो सङ्ख्यामा यहाँ आउँथे । भौतिक पूर्वाधार र स्रोत साधन अहिलेको जति सम्पन्न नभए पनि अस्पतालको सेवा साथै व्यवस्थापन पक्ष मजबूत थियो । त्यसैको प्रभावले होला अझै पनि पर्सा, बारा, रौतहट, सर्लाही र सीमावर्ती भारतीय क्षेत्रबाट सर्वसाधारण बिरामी अझै पनि नारायणीमा आउने गर्छन् । चितवन, मकवानपुरलगायत धनुषा पूर्वका बिरामीहरूले हाल अन्यत्रै उपचार स्थलको विकल्प पाएका छन् । पछि जन्मिएका स्वास्थ्य संस्थाहरूले उल्लेखनीय प्रगति गर्दा नारायणीले भने स्तरमा प्रगति भएपनि गुणस्तरमा प्रगति गर्न सकेन । त्यो क्रम पछिल्लोपटक आएर केही सुधारोन्मुख छ ।**

**नारायणी अस्पतालको गुणस्तर खस्कनुमा मुख्य एउटा मात्रै कारण छ, त्यो राजनीतिक हस्तक्षेप हो । व्यवस्थापन समिति गठनमा राजनीतीकरण, अस्पतालको तर्फबाट हुने कर्मचारी एवं स्वास्थ्यकर्मी नियुक्तिमा राजनीतीकरण, मेसुको नियुक्ति प्रक्रियामा नै राजनीतीकरण । यसो भएपछि यहाँ गाईले पुच्छर हल्लाउनेभन्दा पनि पुच्छरले गाई हल्लाउने क्रम शुरू भयो । राजनीतिक दलका नेताहरूलाई अस्पतालको कर्मचारी बनाएपछि त्यो स्वाभाविक नै हो । 'गुणस्तरीय सेवा हुनुपर्छ' भन्ने भन्दा पनि 'मेरो मान्छे जसरी पनि हुनुपर्छ' भन्ने ध्येयमा राजनीतिक दलका ठूला नेताहरू पनि लागिपरे । फलस्वरूप अस्पतालमा चेन अफ कमान्ड रहेन र अराजकताले जरा गाड्यो । अस्पतालको स्टोरमा रहेका सामान चोरी हुने, चिकित्सक तथा कर्मचारीबीच अस्पताल परिसरमा नै कुटाकुट हुने, फार्मेसीमा औषधि हुँदाहुँदै पनि बिक्री नगरिने, अस्पतालमा रहेको एक्स–रे मेशिनलगायतका उपकरणहरू सञ्चालन नगरेर मुसाको गुँड बनाउने, अस्पतालमा आएका रोगीलाई अस्पतालमा नै कार्यरत व्यक्तिहरूले दलाली गरेर निजी अस्पतालमा पुऱ्याएर ठगी गर्ने जस्ता कैयन विकृतिहरू नारायणी अस्पतालमा देखिए ।**

**केही समययता अस्पताल सुधारका प्रयासहरू शुरू भएको छ । कोरोनाको पहिलो र दोस्रो लहरताका नारायणीको सेवालाई धेरै खोट लगाउने ठाउँ छैन । त्यसपछि पनि चौतर्फी सुधारका निम्ति अस्पतालको नेतृत्व तहले तीनै तहका सरकार र दाताहरूसँग समन्वय गरेर प्रयास गरिरहेका छन् । हालै अस्पतालमा अक्सिजन प्लान्टको उद्घाटन भयो । आवश्यक वार्डहरूमा सहज तरीकाले पुऱ्याउन सकिने र अस्पतालका लागि पर्याप्त अक्सिजन पुग्नेगरी प्लान्ट जडान गरिएको छ । यो एउटा महत्त्वपूर्ण उपलब्धि हो । जुनसुकै प्रकृतिका बिरामीको पनि जटिल अवस्थामा श्वासप्रश्वास क्षमता ह्रास हुने हुँदा कोरोना वा फोक्सोका बिरामीका लागि मात्र नभएर सबै खाले बिरामीका लागि अक्सिजन आवश्यक पर्न सक्छ । त्यही अक्सिजनको अभावमा कोरोना सङ्क्रमित धेरैजनाले ज्यान गुमाए । तर स्रोत–साधनको उपलब्धताले मात्रै हुँदैन, त्यसको सदुपयोग महत्त्वपूर्ण पक्ष हो । यो प्लान्ट पनि भोलिको दिनमा फार्मेसी र एक्स–रे मेशिन जस्तो नहोस् । त्यसको लागि अस्पतालको नेतत्वको निरन्तर प्रयास र दलीय नेतृत्वको** [redacted]

# स्वार्थको राजनीति, कोरोनाको कहर र तीज

स्वतन्त्र विचार



वैधनाथ ठाकुर

baidhnath2071@gmail.com

**चाडपर्वको नाममा बढ्दो तडकभडक, फजुल खर्च तथा देखासिकीले हाम्रा चाडबाड, परम्परा र संस्कृति धान्ने भन्दा विकृति, विसङ्गति र अपराध उन्मुख भइरहेका बेला हाम्रो चाडबाडमा समयानुसार सुधार तथा परिमार्जन गर्ने आवश्यकता मात्रै होइन, साह्रै ढिलो पनि भइसकेको छ ।**

२०७८ सालको भाद्र १८ गतेसम्म आइपुग्दा कोरोना अर्थात् कोभिड–१९ को पहिलो र दोस्रो भेरिएन्ट नेपाली जनताले झेलिसकेको छ । यसबीच कोरोनाबाट दश हजारभन्दा बढी नेपालीले ज्यान गुमाएका छन् । तर यति बेला कोरोनाको अवस्थामा निकै सुधार देखिएको छ । निषेधाज्ञा हटिसकेको छ । करीब चालीस प्रतिशत नेपालीले भ्याक्सिन लगाइसकेका छन् । बजार पूर्णरूपमा खुलिसकेको छ । विद्यालयहरू पनि क्रमशः खुल्दैछन् । दुई तिहाई नेपालीको शरीरमा भ्याक्सिन नलगाए पनि इम्युनिटी (प्राकृतिकरूपमा रोग प्रतिरोधक क्षमता ) बनिसकेको कुरा सरोकारवाला निकायको एक सर्वेक्षणबाट उजागर भएको छ । पोहोर सालको भन्दा यति बेला अवस्थामा निकै सुधार देखिएको भए तापनि अझै सामाजिक दूरी, मास्क तथा सेनेटाइजर प्रयोग गर्ने सवालमा पूर्ण सतर्कता आवश्यक छ भन्ने कुरा विज्ञहरूले बताएका छन् । यसतर्फ जति गम्भीर हुनुपर्ने हो त्यति गम्भीरता नलिएको जनसमुदायको व्यवहारले देखाएको छन् ।

कोरोनाजस्तै नेपालको राजनीतिमा पनि निकै डरलाग्दो अध्यायको पहिलो चरण समाप्त भएको छ । दुई–तिहाई बहुमतको वामपन्थी सरकार सत्तारूढ पार्टीकै नेताहरूको व्यक्तिगत तुच्छ स्वार्थले गर्दा ढलेको छ । सरकारको अवसानले एउटा कुरा प्रमाणित गरेको छ कि माधव नेपाल, प्रचण्ड वा ओली लगायत सबै संसद्वादी नेताहरू बुर्जुवा नेता मात्रै हुन् । यिनीहरू कोही पनि कम्युनिस्ट त के वामपन्थी पनि होइनन् । अहिले काङ्ग्रेसको नेतृत्वमा सरकार गठन भएको छ जसले अझसम्म पूर्णता पाउन सकेको छैन । एमसिसी विवाद तथा चीनसँग सीमा विवाद उठान गरेर यो सरकार आफैं अनिश्चिततातिर बढेको प्रस्टै छ । नेपाली राजनीतिमा जति परिवर्तन भएको भनिए पनि नेताहरूको पुरानो पद⁄पैसामुखी प्रवृत्तिमा परिवर्तन हुन नसक्दा मुलुक अझै सम्पूर्णरूपमा पछाडि परेको छ ।

जेहोस् कोरोनाको तेस्रो भेरिएन्ट युरोपमा आइसकेको हुनाले त्यो ढिलोचाँडो भारत हुँदै नेपाल पनि आउने कुरा पक्का छ । यस्तोमा एकातिर नेपाल सरकारले २५ जनाभन्दा बढी व्यक्ति एक ठाउँमा भेला नहुने भनिरहेको छ भने अर्कोतर्फ निकै भीडभाड गरी मनाइने महिलाहरूको चाड 'तीज' आजको ५ दिनपछि आउँदै छ । पोहोरको तीज कोरोनाले गर्दा साह्रै खल्लो बनायो भनेर दुःख जाहेर गर्ने महिलाहरूको कमी छैन । यस पालिको तीज पनि आआफ्नो घरमा मनाउँदा बुद्धिमानी हुने धारणा सार्वजनिक भइरहेको बेला भदौको पहिलो हप्तादेखि नै तीजको रमझमले महिलाहरूलाई छोइसकेको छ । आउनुस् तीज पर्वबारे केही छलफल गरौं–

मानव समाजमा खासगरी नारी सत्ताच्युत भएपछि पुरुषले आफ्नो हैकम कायम गरेपछि तिथिमिति भन्न नसकिए तापनि प्राचीनकालदेखि मनाइँदै आएको अनेकौं पर्वहरूमध्ये तीज पनि एक हो । यो पर्व जति धेरै धार्मिक छ, त्यसभन्दा बढी नारीहरूले पुरुषको दासत्व स्विकारेको अवस्थाको द्योतक पनि हो । भनिन्छ यो त्यस्तो पर्व हो जसले नारीहरूको सन्ताप हरण गर्छ, यद्यपि सत्यताको कसीमा यो गलत साबित भएको छ । त्यसो त सनातन हिन्दू परम्परामा नारीको स्थान अस्पष्ट र विरोधाभासपूर्ण छ । एकातिर नारी शक्तिलाई नै आदि–शक्ति र मातृशक्ति भन्दै पूजा–अर्चना गरिन्छ । 'यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता' । अर्थात् जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवताहरू विचरण गर्छन् भनिन्छ । अर्कोतिर तीजजस्तो पर्वमा पतिलाई भगवान् मानेर पुज्ने र उसैको चरण पखालेर जल आचमन गर्ने परम्परा देखिन्छ । यस्तो हुनुको मुख्य कारण पतिलाई देव मान्ने अर्थात् पतिदेव हो भन्ने बुझाइले हो । संस्कृतिलाई मानव निर्मित प्रकृति मान्ने हो भने परम्परागत पर्वबाट एकाएक विमुख हुन न ठूलो समूह राजी हुन्छ, न आम जनताको नजरमा सान्दर्भिक देखिन्छ । परन्तु हाम्रा पर्वहरूबारे अनेक धार्मिक कहानी र कहावत जोडेर यसको महत्त्व र आवश्यकता तथा यसबाट हुने फाइदा बारे कपोलकल्पित, अन्धविश्वासी व्याख्या, विश्लेषण जति धेरै गरिएको छ त्यस अनुपातमा यसमा गर्नुपर्ने परिमार्जनबारे यथोचित बहस गरिएको देखिन्न । वास्तवमा परिवर्तित सन्दर्भ र समय सापेक्ष बहसको उठान भए मात्र यस्ता पर्व मनाउनुको उपयुक्तता, सहजता, उपादेयता र आवश्यकता वा औचित्य पुष्टि हुन सक्छ र समयानुकूल परिमार्जनबारे पनि जनमानसलाई एकमत गर्न सकिन्छ । औचित्यको बहस नहुनु भनेको वा बहसको निषेध गर्नु भनेको समयक्रममा पर्वलाई अलोकप्रिय बनाउनु हो । समयमैं ध्यान पुगेन भने तीजपनि पहिले महिलाहरू मनाउँथे भन्ने कुरा मात्रै बाँकी रहने छ ।

**अन्धविश्वासी सांस्कृतिक परम्परा :**

त्यसो त कुनै पनि संस्कृतिको जरा समाजको नसानसामा फैलिएको हुन्छ, समाज विकासका अनेक चरण पार गर्दै निर्माण भएको हुन्छ । संस्कृति, जसलाई परित्याग गर्न जनमानस हतपत तयार हुँदैन । विकल्प भएमा सहजता हुन सक्छ भन्ने मत राख्नेहरूदेखि एउटा नभत्काई अर्को निर्माण हुनै सक्दैन भन्नेहरूबीच मतैक्य छैन । सर्वसाधारणले मानिरहेको पर्व 'जुद्धको बेला बुद्धको पुराण' प्रतीत भए भने विकल्पसहित तयार हुन्छन् भन्ने धारणा पनि उत्तिकै बलशाली छ । फेरि एउटा चरणमा पर्वहरूले निकै सकारात्मक योगदान गरेको र परोक्षतः अहिले पनि तिनको औचित्य धेरथोर देख्नेहरू पनि यहीं छन् । तीजकै दृष्टान्त दिने हो भने पनि समाज परिवर्तनमा तीजमा गाइएका गीतले उल्लेख्य जनजागरण ल्याएको र पुरातन समाज रूपान्तरणमा किञ्चित भूमिका निर्वाह गरेको कुरा नकार्न सकिन्न । जहाँसम्म तीजको परम्पराको धार्मिक पाटो छ, यो भने महिलाहरूलाई चरणकी दासी बनाउने खालको छ । वास्तवमा महादेवलाई पति पाउनका निम्ति पार्वतीले खेपेका दर्जनौं हण्डर, गरेका स्तुति र प्रार्थना तथा निराहार उपवास बसेका वृत्तान्तको समष्टिरूप नै हो– तीज । अनगिन्ती बुहार्तन झेलेर पतिको सुस्वास्थ्य, दीर्घायु तथा प्रगति, समृद्धिको कामना गर्ने चाड हो यो । यसको जरासम्म पुग्ने हो भने महिला दासी र पुरुष मालिक हो भन्ने पुरातन मान्यतालाई स्थापित गराइराख्नु र मलजलसमेत गर्नुमैं छ तीजको मूल ध्येय । तीजमा गाइने अधिकांश गीतहरूले पनि सासू, नन्द, भाउजू आदिले दिएका सासना मात्र अभिव्यक्त हुन्छन्, परन्तु पुरुष उत्पीडनबारे ती मौन देखिन्छन् । यस्तो भान हुन्छ– 'नारीको शत्रु नारी' पुरुष चाहिं पानीमाथिको ओभानो । संरचनागतरूपमा नै यस्तो मनोविज्ञान तयार गरियो कि पुरुष संरक्षक र विघ्नहर्ता हो । पूँजीवादले निमोठेको गला–सामन्तवादको पतनसँगै त्यसले गर्ने गरेका कुकृत्यको सोलोडोलो जिम्मा विकृत पूँजीवादले लिएको छ । हिजो दास बनाइएका चेलीहरू घरायसी चौघेराबाट बाहिर त आएका छन् परन्तु उनीहरूलाई विज्ञापनको माध्यम र क्रयविक्रयको साधन बनाइएको छ, जसलाई ठूलो महिला जनमतले मनन गर्न सकेको छैन । द्रव्यभन्दा माथि दया छैन भन्ने मान्यता समाजमा प्रतिस्थापित गर्नु र हरेक वस्तुलाई सौदा वा द्रव्यमा परिणत गर्नु पूँजीवादको मूल ध्येय हो । भावना, माया, मानवता, सम्बन्ध, आफ्नो–विरानो भन्ने कुरा पैसामा लगेर जोडिदिने काम गरेको छ, पूँजीवादले हाँस्न, रुन वा आत्महत्या गरी इहलीला समाप्त गर्न स्वतन्त्रता दिएको छ । यतिबेला हाम्रो समाजमा छोराछोरी, पतिपत्नी, आमाबुवा, साथीभाइ लगायत सबै नाताहरू समेत बलियो र प्रगाढ बन्ने कि कमजोर भई औपचारिकतामा सीमित रहने भन्ने कुरा पनि पैसाले नै तय गर्न थालेको छ । पैसा दिनुस् सबै खुशी, होइन भने अनावश्यक मनमुटाव बढ्दै गएको देखिन्छ ।

तीज पूँजीवादको नग्न प्रदर्शनका रूपमा अघि आएको छ । एकातिर महिलाहरूले आफ्ना गहना–गुरिया प्रदर्शन गरेर गौरवशाली महसूस गर्ने र तिनका पति वा परिवारका सदस्यहरू त्यसैमा गर्व गर्ने परम्पराले मलजल प्राप्त गर्दै आएको छ भने सञ्चार माध्यमहरू तिनैका तस्वीर तथा भिडियो कैद गर्न र प्रचार गर्न व्यस्त छन् । नागपञ्चमीदेखि नै पार्टी प्यालेस र रेस्टुरामा मदिराका प्यालासँग झुम्ने महिलाहरूद्वारा अपहरित तीजले नारीको पीडा, वेदना, रोदन र क्रन्दनलाई गीतद्वारा अभिव्यक्त गर्ने प्रचलन क्रमशः भड्किला परिधानमा नृत्य गर्ने छाडा गीतमा रूपान्तरित भएको छ । दशैं पन्द्र दिन मनाइन्छ, तिहार पाँच दिन तर तीज कति दिन मनाइन्छ भन्नेसम्मका सवालहरूले सामाजिक सञ्जालका भित्ता पोतिएका छन् । कसैकसैको त पैसा उठाएर पार्टी आयोजना गर्ने धन्दा नै चलेको छ । भ्रष्टाचार, ठगी, छलछाम गर्नका निम्ति यसले अभिप्रेरित गरेको छ भने तिनैको शानशौकत बढाउने र कालोधनलाई उजिल्याउने काम पनि भएको छ, तिजलाई बैसाखी बनाएर । पूँजीवादले आफ्नो बजार विस्तार गर्ने एउटा उत्तम अवसर बनाएको छ, तीजलाई । शहरभरि दर्जनौं कार्यक्रम गरिन्छ तर ती सबैमा केही सम्भ्रान्त महिलाको अनुहार उपस्थित देखिन्छ । शिव–पार्वतीको किम्बदन्ति कथासँग जोडिएको यो अन्धविश्वासी परम्परा यतिकै हाम्रो समाजबाट बिदा हुनेवाला छैन । बरु हिजोआज के सम्म भन्न थालिएको छ भने पुरुषहरूले पनि तीज गर्दा हुन्छ ।

**कसरी अगाडि बढ्ने ?**

भनिन्छ, चोर साधु भएपनि चोरी गर्न छोड्दैन । अर्थात् एकाएक जजसलाई तीजले सार्वजनिक सञ्चार माध्यममा बढी महत्त्व दिएको छ, कालोधन एकाएक सेतोमा परिणत गराइदिएको छ, शान र मान बढाएको छ, तिनले यो परम्परा अक्षुण्ण राख्न हरसम्भव प्रयास गर्ने नै भए । तीजको पक्षमा तर्क भन्दा कुतर्क नै बढी दिएर भएपनि यसलाई मनाउने नै भए । परन्तु जसले एक दशकभन्दा बढी सामाजिक विकृति र विसङ्गति विरुद्ध निर्मम सङ्घर्ष गरे, मार्क्सवादका मोटा मोटा ठेलीहरू पढे तिनीहरू समेत यही भुलभुलैयामा परिराखेका छन् र सामन्तवादले तयार गरेको दलदलमा फसिरहेछन् । जुन मूल्य, मान्यताका विरुद्ध हजारौंले जीवन उत्सर्ग गरे, तिनकै बलिदानपूर्ण इतिहास निर्मातालाई तिनका गुरुहरूले अपमान गरिरहेछन् र तिनले देखाएको बाटोको खिसिट्यूरी गरिरहेछन् बाँचेका सहयात्री कामरेडहरू । यो एउटा रूपान्तरणको अभियानविरुद्ध भद्दा मजाक हो । हामीबीच देखिएको विभेदको गुढ रहस्य पत्ता लागिसकेपछि त्यसको निराकरणका निम्ति पाइला चाल्न नसक्नु नै अहिलेको मूल समस्या हो । उदारवादी हुने नाउँमा भुइँको टिप्न खोज्दा पोल्टामा भएको गुमेको हेक्का नभएका कामरेडहरूले आफैं आफ्नो तेजोबध कति गर्ने हो, पैसा र पदको पछाडि भागेर ? आफ्नै पार्टीको दुईतिहाईको सरकार ढाल्ने र जे जस्तो भएपनि सत्ता नछाड्ने अस्वस्थ प्रतिस्पर्धामा लागेर जन–विश्वास समाप्त पार्नुभन्दा समाजवाद उन्मुख आर्थिक, राजनैतिक, संस्कृति र पर्व निर्माणमा जुटेको भए अहिले काङ्ग्रेसको खुट्टामुनि छिर्नुपर्ने अवस्था आउने थिएन । जनताले चुनावमार्फत जाहेर गरेको मत एमाले तथा माओवादी नेताहरूले जोगाउन नसक्दा आज परिस्थिति ठीक उल्टो हुन पुगेको मात्रै होइन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रकै उपहास हुन पुगेको छ । त्यसैले समय रहँदै यदि नेताहरूले यसतर्फ ध्यान पुऱ्याउन सकेनन् भने तराईमा जुडशितल अर्थात् हिलो छ्याप्ने, गणेश चौथीमा चकचना माग्ने, फागुमा मृदङ्ग बजाई सम्मत उडाउने, दशैंमा झिझिया, अल्हारूदल, सोरठी–बृजभार, सुरमा सहलेस, सामा–चकवालगायत सबै संस्कृति लोपोन्मुख भएजस्तै तीज पनि भोलिको दिनमा लोपोन्मुख अवस्थामा पुग्नेछ ।

चाडपर्वको नाममा बढ्दो तडकभडक, फजुल खर्च तथा देखासिकीले हाम्रा चाडबाड, परम्परा र संस्कृति धान्ने भन्दा विकृति, विसङ्गति र अपराध उन्मुख भइरहेका बेला हाम्रो चाडबाडमा समयानुसार सुधार तथा परिमार्जन गर्ने आवश्यकता मात्रै होइन, साह्रै ढिलो पनि भइसकेको छ । त्यसैले तीजमा परिमार्जन गर्न जरूरी छ, अनि मात्र तीज आम महिलाको पहुँचभित्र रही हर्ष र उल्लासमय ढङ्गले मनाउने संस्कृतिका रूपमा चिरकालसम्म सामाजिक धरोहर हुनेछ । यसलाई भेटघाट, नाचगान र कमभन्दा कम खर्चिलो चाडको रूपमा विकास गर्न चौतर्फी प्रयास गरिनुपर्छ । यसका लागि आफूलाई वामपन्थी भन्न रुचाउने महिला कामरेडहरूले तीजको लहलहैमा तडकभडकमा लाग्दै महीनौं दर खाएर दिन बिताउने कि समाजवादमुखी तीज बनाउन ध्यान दिने त्यो आगामी दिनले नै बताउला ।

# अफगानिस्तानबाट ८६० जनाको उद्धार

काठमाडौं, १८ भदौ ⁄ रासस

अफगानिस्तानबाट नेपालीलाई यथाशक्य चाँडो उद्धार गरी स्वदेश फर्काउने क्रम जारी रहेको जनाउँदै सरकारले त्यहाँबाट बिहीवार राति दुई र आज एकजना काठमाडौं आइपुगेको बताएको छ । काबुलमा उद्धार उडानको प्रतीक्षामा रहेकाहरूलाई स्वदेश फर्काउन सम्बन्धित निकायसँग समन्वय भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । काबुलमा रहेका सबैसँग सरकार नियमित सम्पर्कमा रहेको पनि उक्त मन्त्रालयले बताएको छ । अफगानिस्तानबाट हालसम्म

(बाँकी पाँचौं पातामा)

[redacted] र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# आइसियूमा मोबाइल

बटमवाला मोबाइल खल्तीमा थियो। अक्षय कुमारको बेलबटम फिल्मभन्दा पनि मन पर्‍यो। अझ म पनि कुनै दिन बेलबटम पाइन्ट लगाएर जब बजारमा निस्कन्थें, तब पुरातात्त्विक महत्त्वको मेरो बटमवाला मोबाइलले मेरो शानमा चार चाँद लगाउँथ्यो । भुइँमा लतारिने किसिमको मेरो बेलबटम पाइन्ट पुरानो जमानाको अमिताभ बच्चनको त्यो सुपरहिट पाइन्टजस्तो थियो, जुन भुइँतिर कम्तीमा एक हात चौडा हुन्थ्यो। तल फुकेको र माथि फुकेको पाइन्टको खल्तीमा बटमबाला मोबाइलको शान नै बेग्लै ।

व्यङ्ग्य



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**मेरो समस्या साहुले राम्ररी बुझे किनभने मैले मोबाइल देखाएको थिएँ। यसरी पनि थपिदिएँ- यदि तपाईंको मोबाइलपसलको गलती होइन भने यही फुच्चे बेटमवाला हो कि बटमवाला मोबाइलको गलती हुनुपर्छ।**

कुन्नि के दशा लागेर परदेशी छोरोले बलजफ्ती स्क्रीन टच मोबाइल किन्न लगायो। कुनै जरुरी छ र सबैलाई स्क्रीन टच भएपछि मलाई पनि त्यही मन पर्छ भनेर । छोराछोरीले मेरोलागि होइन, आफ्नो इज्जतका लागि नयाँ मोबाइल किन्न लगाएका हुन्। ठीकै छ, मेरो कारणले अर्काको इज्जत बढ्छ भने मेरो यसमा पैसाबाहेक केही जाँदैन। अझ बरु छिमेकीको पनि इज्जत बढोस्। तर मलाई त कुन कुरामा विश्वास लाग्छ भने जब म ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वको गौरवशाली बेलबटम पाइन्ट र बटमवाला मोबाइल बोक्छु, तब मलाई लाग्दछ कि म आफैंमा ऐतिहासिक र गौरवशाली पुरातात्त्विक महत्त्वको मनुवा हुँ।



यसै विषयमा एक दिन बुद्धचोकमा मसित एकजनाको लफडा भएको थियो। बुद्धचोकमा हामीले एकअर्काको टाउको नै फुटाउने काम गरे पनि दिमागमा शान्ति भरिदिने कोही थिएन। दिउँसो पो भीड हुन्छ । कोरोनाको सङ्कटकालमा राति बुद्धचोकमा पहिले त भगवान् बुद्धसितै झगडा गरिरहेको थिएँ । मैले झगडा गरेको एकजना भलाद्मीलाई चित्त बुझेन छ। उनको भनाइ थियो ऊ हुँदाहुँदै बुद्धसित किन झगडा गर्नु ? मैले सोझै भनें- घरमा दिव्य सुन्दरी पत्नी हुँदाहुँदै कतिपय मानिस अर्काकी पत्नी ताक्छन् कि नाइँ ?
उसले सोझै भन्यो- तेरी पत्नी नराम्री छ भन्दैमा तैंले मेरी पत्नी ताक्ने ?
म- मैले तपाईंलाई चिनेकै छैन।
ऊ- मेरी पत्नीलाई चिने भइहाल्यो नि, मलाई किन चिन्थिस् ?

अलिकति पिएको थिएँ, उसको बोलीले पूरा होशमा ल्याइदियो । मैले भनें- धरोधर्म, म सपनामा पनि आफ्नीबाहेक अरूतिर हेर्दिनँ। एक रात सपनामा यस्तै बर्बराएको थिएँ, टाँगाको घोडाले लात्ती हानेझैं पत्नीले दिएको लात्तीले मेरो सपना बेपत्ता भएको थियो। त्यसपछि अहिलेसम्म कुनै सपना आउँदैन मेरो ओछ्यानमा।

ऊ- तेरी पत्नीजस्ती आइमाईसित त हामी बस्नै सक्दैनौं। पत्नी त मेरीजस्तो हुनुपर्छ। आहा, उसलाई देख्यो कि सपना देख्नै नपर्ने।

अब उसलाई जिस्क्याउने मौका मिल्यो। मैले भनें- उसो भए यार, एक दिनको लागि सापटी नै भएपनि मेरो सपना तिम्री पत्नीलाई पठाइदेऊ न ! त्यो मेरो परम सौभाग्य हुनेछ।

कुरो मुखबाट फुत्किन नपाउँदै बुद्धकै अगाडि उसले दिएको लात्तीले म रन्थनिएँ। बुद्धकै मूर्तिमा चोट लाग्यो र मैले पनि एक लात्ती दिएर कुलेलम ठोकें। रुँदै कराउँदै भाग्दै गर्दा पो निद्रा खुल्यो त।

बटमवाला मोबाइलको नाम राजा राखेको थिएँ। जब त्यसको रिङटोन बज्दथ्यो, तब घरका सबैले भन्थे- राजाबाट बोलावट आएको छ। राजाले बोलाइस्यो। एक दिन मेरी पत्नीले यसो भनिन्- राजाजी बोलाइराखिस्या छ। य ा ` राजाजी मलाई भनेकी हुन् कि मोबाइललाई वा अरू कसैलाई, मैले अहिलेसम्म बुझ्न सकेको छैन।

जे होस्, साह्रै मनपर्ने बटमवाला मोबाइल हुँदाहुँदै रहरले होइन करले नै भएपनि कसैले दुईवटा बिहे गरेर घरमा भित्र्याउनुपरेझैं मैले पनि स्क्रीन टचलाई भित्र्याएँ । नयाँ मोबाइल त नयाँ दुलहीजस्तै हुने रहेछ । जतिखेर पनि हेरिरहूँ र जतिखेर पनि चलाइरहूँजस्तो। तर मलाई भने खासै रुचिकर लागेन। म बटमवाला मोबाइलमा नै सर्पले खाने र सर्प बढ्दै जाने तथा अन्तमा आफ्नै पुच्छर छल्न पनि मुश्किल हुने गेम खेल्न मन पराउँथे।

कतै जाँदा कहिलेकाहीं एउटै खल्तीमा दुवै मोबाइल बोक्थें । योबाहेक दुई मोबाइलको चिनापर्ची हुन दिएको थिइनँ। मलाइ डर थियो कि कथङ्कदाचित दुवै मोबाइल मिलेर कुनै दिन हडताल गरे भने म कसरी कोसित कुराकानी गर्ने ? दुवै मोबाइल मिलेर कुनै समस्या सिर्जना गरिदिए अर्को अप्ठ्यारो । वास्तवमा मलाई स्क्रिन टच मोबाइल चलाउन आउँदैन तर यो कुरा एक्सपोज हुन दिनुछैन।

एक दिन नयाँ मोबाइलको भुँडी ठूलो भएजस्तो लाग्यो । शङ्का मात्रै होला भन्ठानें। केही दिनमा त प्रस्ट भइहाल्यो। मोबाइलको भुँडी ठूलो हुँदै आयो। नयाँ स्क्रीन टच मोबाइललाई सबैले रानी भनेर बोलाउँथे । अब मलाई शङ्का लाग्यो । राजाले रानीलाई भुँडी बोकायो । अझ यति कम दिनमा मोबाइलले भुँडी बोकेपछि मलाई के कुरामा बढी शङ्का लाग्यो भने हो न हो यो मोबाइल मेरो घरमा भित्रिनुपूर्व माइतीदेखि नै पेट बोकेर आएकी थिई कि ?

यो लाजको कुरा कहाँ भन्नु। समय व्यवस्थापन गरेर बडो मुश्किलले मोबाइल किनेको पसल पुगें। त्यहाँ पनि अरूको अगाडि के भन्नु ? ग्राहक आउने र जाने क्रम चलिरह्यो। मैले धेरै बेर कुरेपछि कोही ग्राहक नभएको मौका छोपी साहुलाई भने- तपाईंले भुँडी बोकाएर मोबाइल बिक्री गर्नुहुन्छ ? कि तपाईंको पसलमा कुनै मोबाइलले मेरो मोबाइललाई बलात्कार गरेको हो ? मोबाइल पहिलोचोटि नै अन गर्दा यसमा एउटी हिरोइनको फोटो आएको थियो। त्यति बेला मैले होशै गरिनँ।

मेरो समस्या साहुले राम्ररी बुझे किनभने मैले मोबाइल देखाएको थिएँ। यसरी पनि थपिदिएँ- यदि तपाईंको मोबाइलपसलको गलती होइन भने यही फुच्चे बेटमवाला हो कि बटमवाला मोबाइलको गलती हुनुपर्छ।

मुस्कुराउँदै पसल साहुको वचन फुत्क्यो- यो तपाईंको गलती हो ? तपाईंले नै हो यस्तो राम्रो मोबाइललाई भुँडी बोकाएको हो । अब तपाईंमाथि कारबाही हुन्छ।

म त छाँगाबाट खसेजस्तै भएँ। मैले भनें- म त छोरीजस्तै बनाएर यसलाई पालेको छु । अनि कसरी ममाथि बलात्कारको आरोप लगाउनुहुन्छ।

पसले गम्भीर भएर बोल्यो- तपाईं एक छिन बजार घुमेर आउनुस्। हामी यसको उपचार गर्छौं । केहीबेर लाग्छ।

बजारमा त सबै हाँसीखुशी देखिन्थे। मेरो अनुहारमा भने बाह्र बजिरहेको थियो। ममाथि गम्भीर आरोप लागेको कसरी सहनू ? मलाई एक मनले लागिरहेको थियो कि पसलेमाथि मुद्दा हालिदिऊँ। अर्को मनले भनिरहेको थियो अनजानमा कुनै गलती पो भइहाल्यो कि ? आजको युग इन्टरनेटको युग हो । कतै यस मोबाइलमैं मेरो कर्तुत रेकर्ड पो छ कि ? म त केही बुझ्न नसकेर रन्थनिएको थिएँ।

यो केहीबेर भनेको कति हो ? एकजनालाई सोधें । तिनले नम्र भएर बोले- महानुभाव, यो केहीबेर भनेको कतिबेर हो भन्ने कुरो म केहीबेरपछि मोबाइलमा हेरेर बताउँछु।


म पनि त लालबुझक्कड छु। तिनले बताउन नचाहेको कुरा बुझिहालें। अनि पसलतिर लागें।
-केहीबेर भन्नुभएको थियो, धेरै बेर पो भयो त ?
-तपाईंको मोबाइल अहिले आइसियूमा छ।
-किन के भयो ?
-केही होइन, तपाईं बढ्ता गर्नुहुन्छ । अबदेखि बढ्ता गर्नुभयो भने तपाईंलाई हेर्ने कोही हुँदैन। कुरो बुझ्नुस्।
-मैले के बढता गरें ?
-हन्ड्रेड पर्सेन्टभन्दा पनि बढ्ता गर्नुहुन्छ र धेरैबेरसम्म गर्नुहुन्छ।
-के हजुर ?
-चार्ज।
-मतलब ?
-तपाईं यस मोबाइललाई धेरै चार्ज गर्नुहुँदो रहेछ । कुनै पनि हालतमा सय पर्सेन्ट पुगेपछि मोबाइल चार्जमा नछोड्नुहोला। हैन भने यही हालत हुन्छ।

मैले बल्ल कुरो बुझें । अलिकति भएपनि आफ्नै मूर्खतामाथि हाँसें।

# त्यसैले जनता सावधान !

उहिले वृद्धजन विभिन्न उपदेशमूलक कथा सुनाउँथे । लालाबाला चाखपूर्वक कथा सुन्थे। गोधूलिको समयदेखि सुत्ने बेलासम्म मानिस द्वारमा बसेर कुराकानी गरिरहन्थे। अँध्यारो र सुनसान रातमा जूनकीरीको आवाजले त्रसित लालाबाला वृद्धहरूको जीउमा टाँसिएर बस्थे। कथा सुनेर खुब रमाउँथे। वृद्धजनसँग सुनेका थुप्रै कथा छन्, जो उपदेशमूलक मात्र होइन, कथाले आजको राजनीतिक छलकपटलाई पनि उजागर गर्दछ । बाल्यकालमा मानसिक चेतनाको विकास भएको हुँदैन। त्यसैले कथाको मूलतत्त्व परिपक्व उमेरमा पुगेपछि बोध हुँदो रहेछ। बाल्यकालमा हजुरबुबाको मुखारबाट सुनेको एउटा कथा आजको परिवेशमा शतप्रतिशत मेल खान्छ।

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**तसर्थ, सुगाहरूजस्तै आजको जनता शिकारीको जालमा फस्नु छैन भन्ने उपरोक्त कथामा महात्माले सुझाएजस्तै आम जनताले छलकपटको राजनीति बुझ्न र एकले अर्कोलाई बुझाउन जरूरी छ। शिकारीहरू घरदैलोमा आउँछन्, जाल बिछाउँछन्, दाना हाल्छन् र फसाउँछन्। त्यसैले जनता हो, सावधान !**

मूल विषयमा प्रवेश गर्नुभन्दा पहिले झन्डै साढे तीन दशक अघि बाल्यकालमा सुनेको शिकारी र सुगाको कथा प्रस्तुत छ।



त्यो जङ्गल धेरै चर्चित थियो । किनभने त्यहाँ धेरै सुगा बस्थे। समय बित्दै गयो । एक दिन एकजना शिकारी उक्त जङ्गलमा पस्यो। शिकारीले सुगा समात्न शुरू गरेपछि सुगाको सङ्ख्या दिन प्रतिदिन घट्न थाल्यो । यो देखेर सुगाका सरदारलाई चिन्ता भयो । सरदारले सोच्यो- "यदि यसैगरी शिकारीले हाम्रा साथीहरूलाई समात्न थाल्यो भने हाम्रो सङ्ख्या घट्दै जानेछ । हामीहरू बाँच्नेछैनौं । हामी विलुप्त हुनेछौं। त्यसैले समयमैं सचेत हुनुपर्छ र केही गर्नुपर्छ।"

जङ्गल छेउको गाउँ नजीकै एउटा कुटी थियो । त्यहाँ एकजना महाज्ञानी महात्मा बस्दथे । सुगाको सरदारले महात्मालाई भेटेर सारा वृत्तान्त सुनायो। उपचार सुझाउन अनुनय-विनय गऱ्यो। महात्माले सुगालाई एउटा उपाय बताउँदै भने-"जाऊ र आफ्ना साथीहरूलाई यो कुरा बताऊ । यदि तिमीहरूले मेरो उपदेशको पालना गऱ्यौ भने निस्सन्देह तिमीहरूको भलो हुनेछ।"

महात्माले सरदारलाई के उपदेश दिए ? १० वर्षीय म अबोध बालकलगायत गाउँका अन्य मानिस पनि कथा सुनिरहेका थिए । पहिलोपटक यो कथा सुनिरहेका मानिसहरूको अनुहारमा आश्चर्यजनक भाव प्रस्ट देखिइरहेको थियो। महात्माले के भने ? जान्ने आतुरता बढिरहेको थियो।

महात्माले सुझाएको रहस्य थियो- 'शिकारी आई, जाल बिछाई, दाना डाली, फँसिह मत' यो कुरा रट्दै सुगाहरूका सरदार आफ्नो वासस्थानतिर लाग्यो। सरदारले समस्त सुगालाई भेला गरेर महात्माले सुझाएको कुरा बतायो । त्यसपछि उसले सबै सुगासँग सोध्यो- "के तिमीहरूले मेरो कुरा ध्यान दिएर सुन्यौ ?" सुन्यौं भन्दै सबै सुगा महात्माको उपदेश दोहोऱ्याउन थाले। यस्तो भयो कि खाँदा, पिउँदा, उड्दा वा रूखमा बस्दा अर्थात् हरपल सुगाहरू उपदेश रटिरहेका थिए।

एक दिन शिकारी आयो। सुगाहरू रूखमा बसिरहेका थिए । शिकारीलाई देखेपछि सुगाहरू ठूलो स्वरमा कराउन थाले, "शिकारी आई, जाल बिछाई, दाना डाली, फँसिह मत।" सुगाहरूको बुद्धिमत्ता देखेर शिकारी दङ्ग पऱ्यो । "मैले यिनीहरूको शिकार गर्छु भन्ने कुरा यिनीहरूलाई कसरी थाहा भयो ? शायद, आज म यिनीहरूलाई जालमा फसाउन सक्दिनँ।" शिकारी जङ्गलबाट खाली हात फर्क्यो।

भोलिपल्ट शिकारी जङ्गलमा आयो। सुगाहरू रटान गरिरहेका थिए, पुनः फर्कियो। दैनिक यस्तै दोहोरिइरह्यो। शिकारी तनावपूर्ण अवस्थामा थियो। अन्ततः शिकारी महात्माको शरणमा पुग्यो । अनुनय-विनय गर्दै महात्मासँग गुहार गऱ्यो-"महाराज, सबै सुगालाई जानकारी छ कि म जाल बिछाउँछु, दाना हाल्छु र उनीहरूलाई फसाउछु। म के गरूँ ?" शान्त मुद्रामा महात्माले भने- "तिमी आफ्नो काम गर। सुगाहरू आफ्नो काम गरिरहेका छन्। तिमी आफ्नो काम गर्दै जाऊ। सुगाहरू तिम्रो जालमा फस्ने वा नफस्ने उनीहरूको काम हो।"

शिकारी जङ्गलमा गयो। महात्माले भनेजस्तै उसले जाल बिछ्यायो। सुगाहरू भने शिकारीलाई देख्नेबित्तिकै जोडजोडले कराउन थाले-"शिकारी आई, जाल बिछाई, दाना डाली, फँसिह मत।" यद्यपि शिकारीले जाल बिछायो। दाना हाल्यो। उपदेश रटिरहेका सुगाहरू एकएकगरी जालमा आइरहेका थिए। धेरै सुगा जालमा आए । दाना खान थाले । शिकारीले सबै सुगालाई समात्यो। यद्यपि शिकारी त्रासमा थियो। उसले सोच्यो- "यो कस्तो आश्चर्यको कुरा हो ? यो के भइरहेको छ ? सुगाहरूलाई कसरी थाहा भयो ? तर पनि जालमा किन फँसे ?"

शिकारीले सबै सुगा लिएर महात्माकहाँ गयो । उसले महात्मासँग सोध्यो-"महाराज, यो कसरी सम्भव भयो ? सुगाहरू मेरो जालमा किन फसे ? यिनीहरूलाई मेरो पहिलेदेखि नै मेरो चाल थाहा थियो । शिकारीले महात्मासँग सोधिरहँदा पनि सुगाहरू कराइरहेका थिए-"शिकारी आई, जाल बिछाई, दाना डाली, फँसिह मत।"

शिकारीको उद्वेग देखेर महात्माले हाँस्दै भने-"मेरो उपदेश सुगाहरूको हितमा थियो । तर उनीहरूले मैले बताएको उपदेश लागू भने गर्न सकेनन्। उपदेशको मर्म आफ्नै हितमा छ भन्ने कुराप्रति उनीहरू सचेत भएनन् । स्वभावतः सुगाहरू राम्रा उपदेश सुन्छन्, रट्छन् र दोहोऱ्याउँछन्। त्यसैले कुनै कुरा रटेर मात्र हुँदैन । सचेत हुनुपर्छ । जीवनमा लागू गर्नुपर्छ।

**वर्तमान परिवेश**

गणतन्त्र बहालीपछि नयाँ संविधान अनुसार भएको तीन तहको पहिलो चुनावको अन्तिम प्रहर अहिले चलिरहेको छ। दोस्रो चुनाव नजीक आइरहेको छ। चुनाव नसकुन्जेल राजनीतिकर्मीहरूको शिकारीजन्य विविध गतिविधि चलिरहन्छ। एकातर्फ सत्तापतिहरूलाई चुनाव जितिन्छ कि हारिन्छ भन्ने चिन्ताले सताउन थालेको छ । अर्कोतर्फ विपक्षीहरूको मगज सत्तामा आसीन हुने गुणा भागमा व्यस्त छ। सबै आआफ्नै दाउमा व्यस्त छन्। शहरदेखि गाउँसम्म चुनावी दङ्गलको लक्षण आभास हुन थालेको छ । अपवादबाहेक उपरोक्त कथाको शिकारीझैं जाल बिछाउने र दाना हाल्ने काम शुरू भइसकेको छ।

यो ध्रुवसत्य हो कि जब चुनाव नजीकिदैं जान्छ, सत्ताका आकाङ्क्षीहरू जनतालाई जनार्दनको रूपमा हेर्न थाल्छन्। कोरोनाकालमा शिरमा भारी बोकी पैदल घर फर्किरहेका बेलाको भोगाइ जनताले बिर्सेको छैन। विदेश तथा सीमापारि भारतमा अलपत्र परेका बेलाको दुरवस्था भुल्न कठिन छ । समग्र जनतालाई कोरोनाविरुद्ध खोप लागेको छैन। विद्यालय पूर्णरूपमा सञ्चालनमा छैन। विद्यार्थी तथा कामदार घरमा थन्किएका छन् । कोरोनाकाल मात्र होइन, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको नाममा सत्तापतिहरूको ब्रह्मलुट जगजाहेर छ । परिवार वा दल निकट व्यक्तिलाई ठेक्का दिने र भ्रष्टाचार गर्ने प्रवृत्ति छताछुल्ल छ। सत्तापतिहरू भ्रष्टाचारको दलदलमा धसिरहेका बेला विपक्षीहरूले मौनव्रत किन लिएका ? यो पनि आम चासोको विषय हुनुपर्छ।

दलनिकट पात्रहरूबाहेक नितान्त सर्वसाधारण जनताको मस्तिष्कमा अहिले चुनावी तरङ्ग पुगेको छैन । आफूनिकट दलले जति पनि असंवैधानिक कार्य गरे तापनि जयजयकार गरी नथाक्ने पात्रहरू पहिलेदेखि नै शिकारीको जालमा फसिसकेका छन्। मानौं उनीहरू जनता हुँदै होइनन्, केवल दलका रोबोट हुन्। यो तीतो सत्य अस्वीकार गर्ने ठाउँ छैन। ती रोबोटहरूभन्दा कैयौं गुणा बढी जनता छ । तर जनता निरीह छ । उसलाई झुक्याउन दलहरू माहिर छन्। झन्डै चार वर्षदेखि सत्ता र विपक्षको भूमिका जनताले देखिरहेको छ। 'देश र जनताको हितमा सबैथोक म र मेरा दलले गरेको हो' भन्ने मीठो वचन शिकारीले जालमा दाना हालेजस्तै छरिने काम हुनेछ। तसर्थ, सुगाहरूजस्तै आजको जनता शिकारीको जालमा फस्नु छैन भन्ने उपरोक्त कथामा महात्माले सुझाएजस्तै आम जनताले छलकपटको राजनीति बुझ्न र एकले अर्कोलाई बुझाउन जरूरी छ। शिकारीहरू घरदैलोमा आउँछन्, जाल बिछाउँछन्, दाना हाल्छन् र फसाउँछन्। त्यसैले जनता हो, सावधान !

# द्रोण पर्व–४४



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

दुवैका शरीर रगताम्य भए । उनीहरूको क्षत्र र ध्वज काटिएर खस्यो। ती दुवैले प्राणान्तक बाणहरूको प्रयोग गरिरहेका थिए । त्यति बेला कौरव र पाण्डव वीरहरू उभेर ती महापराक्रमी योद्धाहरूको रणकौशलको निरीक्षण गरिरहेका थिए। विमानमा चढेका ब्रह्मा र चन्द्रमा आदि देउता, सिद्ध, चारण, विद्याधर र नागगणहरू पनि ती पुरुष सिंहको अघि बढ्नु, पछाडि फिर्नु तथा नानाथरीका शस्त्र सञ्चालनका कौशल हेरेर बडो आश्चर्यमा परेका थिए। यस प्रकार ती दुवै वीरले आआफ्ना हातको सफाइ देखाउँदै एकअर्कालाई बाणविध



गर्दै थिए। यत्तिकैमा सात्यकिले आचार्य द्रोणको धनुष–बाण काटिदिए, क्षणभरमैं आचार्यले अर्को धुनष संधान गरिहाले तर सात्यकिले त्यसलाई पनि काटिदिए। यस प्रकार आचार्यले जति पनि बाण संधान गर्दै गए, सात्यकिले तिनीहरूलाई काट्दै गए । यस प्रकार सात्यकिले आचार्यको एक सयवटा बाण काटिहाले। यो काम यति फुर्तीका साथ भयो कि आचार्यले कति बेला धनुषमाथि बाण संधान गर्छन् र सात्यकिले कति बेला त्यस बाणलाई काटिहाल्छन् कसैले थाहै पाउन सक्दैनथे । सात्यकिको यो अतिमानुष कर्म हेरेर आचार्यले मनै मन विचार गरे कि जुन अस्त्र बल परशुराम, कार्तवीर्य, अर्जुन र भीष्ममा छ, त्यही बल सात्यकिमा पनि छ।

यसपछि द्रोणचार्यले एउटा अर्को नयाँ धनुष लिए र त्यसमाथि कैंयन अस्त्रहरू चढाए तर सात्यकिले आफ्नो अस्त्र–कौशलबाट ती सबै अस्त्रलाई काटिदिएर आचार्यमाथि तीखा बाणहरूको वर्षा गर्न थाले। यसबाट सबैजनालाई बडो आश्चर्य भयो । अन्तमा आचार्य अत्यन्त कुपित भएर सात्यकिको संहार गर्नको लागि दिव्य आग्नेयास्त्रको प्रहार गरे। यो हेरेर सात्यकिले तत्काल वरुणास्त्रको प्रयोग गरे । त्यति बेला दुवै वीरले दिव्यास्त्रहरूको प्रहार गरिरहँदा बडो हाहाकार मच्चियो । यतिसम्म कि आकाशमा चराहरू उड्न पनि छाडे । अनि राजा युधिष्ठिर, भीमसेन, नकुल र सहदेव चारैतिरबाट सात्यकिको रक्षा गर्न थाले तथा धृष्टद्युमनादिको साथ राजा विराट र केकयनरेश मत्स्य र शाल्वदेशीय सेना लिएर द्रोणको सामु आइ डटे। अर्कोतिर दुःशासनको नेतृत्वमा हजारौं राजकुमार द्रोणाचार्यलाई शत्रुहरूबाट घेरिएको हेरेर उनको सहायताको लागि आइपुगे । अनि त दुवैतिरका वीरहरूबीच बडो भीषण युद्ध थालियो। त्यति बेला धूलो र बाणवर्षाका कारण केही पनि देखा परिरहेको थिएन। त्यसैले त्यो युद्ध मर्यादाहीन भइहाल्यो– त्यसमा आफ्नो वा पराइ पक्षको पनि ज्ञान रहेन।

सञ्जयले भने– राजन्, सूर्यनारायण अस्ताचलगामी भइसकेका थिए। कौरव पक्षका योद्धाहरूमध्ये कोही त युद्धको मैदानमा डटिरहेका थिए, कोही फर्किगएका थिए तथा कोही कोही त पिठ्यूँ फर्काएर भागिरहेका थिए । यस प्रकार बिस्तारै दिन बित्न लागेको थियो तर अर्जुन र श्रीकृष्ण जयद्रथतिर हानिंदै गइरहेका थिए । अर्जुन आफ्नो बाणले रथ जाने योग्य बाटो बनाएर त्यसैबाट अघि बढ्दै गइरहेका थिए । राजन्, अर्जुनको रथ जताजतातिर गइरहेको थियो उतैउतैतिर तपाईंको सेनामा फाटो पर्दै जान्थ्यो । उनको बाण अनेकौं शत्रुको संहार गर्दै रक्तपान गरिरहेका थिए । उनी रथबाट एक कोससम्मको शत्रुहरूको नाश गर्दै गइरहेका थिए। अर्जुनको रथ बडो तीव्रताका साथ गुडिरहेको थियो । त्यति बेला त्यो रथ सूर्य, इन्द्र, रुद्र र कुबेरका रथहरूलाई पनि माथ गरिसकेको थियो।

जतिबेला त्यो रथ रथीहरूको सेनाबीच पुग्यो, रथमा जोतिएका घोडाहरू भोक–प्यासले व्याकुल हुन पुगे र बडो कठिनताले रथ तान्न थाले। तिनीहरूले पर्वतको समान सहस्त्रौं मरेका हात्ती, घोडा, मानिस र रथको माथिबाट टेकेर आफ्नो मार्ग बनाउनुपर्दथ्यो। त्यसै बेला अवन्तिदेशका दुवै राजकुमार आफ्नो सेनासहित अर्जुनको सामु आइडटे । उनीहरू बडो साहसका साथ अर्जुनलाई चौसट्ठीवटा, श्रीकृष्णलाई सत्तरीवटा र घोडाहरूलाई एक सयवटा बाण हानेर घाइते पारिदिए । अनि अर्जुनले कुपित भएर उनीहरूको मर्मस्थल ताकेर नौवटा बाण हाने तथा दुईटा बाण हानेर उनीहरूको धनुष र ध्वजालाई काटिदिए। उनीहरूले अर्को धनुष धारण गरी अत्यन्त क्रोधपूर्वक अर्जुनमाथि बाण वर्षा गर्न थाले। अर्जुनले तत्कालै फेरि उनीहरूको धनुष काटिदिए र बाण हानेर उनीहरूको घोडा, सारथि, पार्श्वरक्षक र कैंयन सारथिहरूलाई मारिदिए । अनि उनले एउटा क्षुरप्र नामक बाणबाट दाजु विन्दको टाउको काटिदिए । विन्दलाई मरेको हेरी महाबली भाइ अनुविन्द हातमा गदा लिएर रथबाट हाम्फाले र दाजुको मृत्युको स्मरण गर्दै उनले श्रीकृष्णको निधारमाथि गदाको प्रहार गरे तर श्रीकृष्ण त्यस प्रहारबाट अलिकति पनि विचलित भएनन् । अर्जुनले तत्कालै छवटा बाण हानेर अनुविन्दको हात, खुट्टा, टाउको र गर्दन काटिदिए । अनुविन्द पर्वत शिखरको समान पृथ्वीमाथि ढले।

क्रमशः...

# अतिले खति !



कुरोको चुरो
मुकुन्द आचार्य

कुनै काम वा कुरामा अति भएपछि निश्चय नै त्यसको परिणाममा खति हुन्छ। यसै कटु सत्यलाई अङ्ग्रेजीमा 'द एक्सेस अफ एभ्रिथिङ इज बैड' भनिन्छ । धेरै खाए 'चीनी पनि तीतो हुन्छ' भन्ने आहानले पनि यसै तथ्यलाई औंल्याएको छ। त्यसैले अति गर्नू, अतिसार नगर्नू । तर चाहे पनि नचाहे पनि हामी अतिमात्र हैन ...अति नै अति गर्छौं। प्रकृति पनि के कम ?!

सन्त तुलसीदासले यस अधम शरीरलाई पञ्च तत्त्वको योग भनेका छन् – क्षितिजल पावक गगन समीरा, पञ्च रचित यह अधम शरीरा। सन्तले भने– पछि मान्नै पऱ्यो। अचेल डाक्टरको वचन सर्वमान्य भएझैं।

तर यिनै ... अति गर्दा निकै ठूलो क्षति हुँदो रै छ, भन्ने कुरा पक्षीमा उल्लू र पशुमा गदहाले पनि सजिलै बुझेको हुन्छ जस्तो लाग्छ।

मैले यति फतफत गर्नुपर्ने कारण के हो भने यस वर्षको वर्षाले गर्नु नगर्नु गऱ्यो । मान्छेलाई बाँच्न पानी, हावा, आगो सबै चाहिन्छ तर यौटा निश्चित मात्रामा। मात्रा बढी घटी भएपछि अनि समस्यै समस्या । यस वर्ष कोरोनाको सहोदर भाइ भएर वर्षा आएको छ।

कोरोना कहरबाहेक बाढी, पहिरो, डुबान सबै मिलेर मान्छो बिचरोको सातो नै लिए। कैयौं शहर, कैयौं सडक, कैयौं ज्यान, अर्थात् धनजनको क्षति अति नै गरे। अग्रगामी सरकार, संसार सबैपछि धकेलिए।

तर .... यस प्रकारको क्षति हुनुमा नियति र प्रकृतिलाई मात्रै दोष दिएर हामी पानीमाथिको ओबानो बन्न सक्दैनौं । अरूलाई दोष दिंदा हामीले आफ्नो जीउको भैंसी बिर्सनुहुन्न।

हामी यस सृष्टिका सर्वश्रेष्ठ प्राणी हौं, भनी घिरौंला जत्रो नाक पार्छौं। खूब विकास गऱ्यौं भने, भुइँमा न भाँडामा हुन्छौं । तर कुनै नियम मान्दैनौं । सधैं छाडा भएर हामी सुखी बन्न सक्दैनौं । हामीले पनि कम्ता बदमाशी गरेका छैनौं। जथाभावी रूख कटान, नदीनालाको दोहन, आफ्नो स्वार्थी गिद्दी दृष्टिका कारण के के गरेनौं।

सरकारमा बस्ने सानो सोच राख्ने ठूला मान्छे, ती पनि अति ठूला बन्नलाई ठूलो भुँडी भर्नलाई यस्ता ठूला–ठूला काम गर्छन्। जसले गर्दा मानवतालाई घरी–घरी ठूला–ठूला चोट दिन्छन्।

अतिको सीमा पार गरेपछि सेफ जोन त हुँदै हुँदैन। सधैं डेन्जर जोनको खतरा पनि रहन्छ। हामी त सधैं नै डेन्जर जोनमैं रमाइरहेका छौं।

विभिन्न काण्डमा वर्षौं पछि अख्तियारद्वारा समातिने घटनामा अतिले नै काम गरेको हुन्छ। अति लोभ, अति काम, अति क्रोध, अति मोह – यी सबै अतिले हाम्रो ठूलो खति गरेकै छन्। तैपनि हामी सोच्दैनौं, बुझे पनि नबुझे जस्तो गर्छौं । अनि हाम्रो बाध्यता हुन पुग्छ– भोग्नु। कालो खानेले कालो हग्नै पर्छ । हो कि हैन ?

घुमिफिरी रूम्जाटर भने जस्तै हामी आजीवन बारम्बार गलती गरिरहन्छौं। दोहोऱ्याइ, तेहऱ्याइ गलती गरिरहन्छौं । अनि गलती गर्नमा हाम्रो चेतनाले चेतावनी दिने काम बन्द गर्छ। हामी गलतीलाई नै ठीक हो भन्ठानेर मक्ख परेर बसेका हुन्छौं । विनाशकाले ... !

अति दानी भएपछि कर्णाको ज्यान गयो । अति दानी बनेर बलि राजाले सर्वस्व गुमाएर बन्धनमा बाँधिनुपऱ्यो, अति सत्यवादी भएका राजा हरिश्चन्द्रको कुन दशा भयो सबैलाई थाहै छ। अति स्वार्थी भएपछि पार्टी र देश दुवै सखाप भएको हामी देख्दै छौं।

# लभ इन वीरगंज



धारावाहिक नाटक
समीर पाखिन

*गताङ्कको बाँकी ...*

इमानसिंह : भाग्यमानी हुनु। गरेर खानु। लुखुर–लुखुर न हिंड्नु। शौचालय छिर्छन्।

भाइकाजी : हैन, यो भिनाजु खुस्किएको हो कि क्या हो ?

सुशीला : त्यही त बल्ल–बल्ल आएको सालोलाई के भनेको होला ?

ooo

समय : साँझपख । स्थान : वीरगंज शहरको बाइपास सडक।

अङ्कित उषाको हात पक्रेर लिङ्क रोडतिर आइरहेको छ।

उषा : अङ्कित, रातै परिसक्यो आज मलाई मामुले मार्छ।

अङ्कित : त्यसो भए रिक्शामा जाऔं न त।

दुवै भिस्वाचोकबाट रिक्शा चढछन्। उषा : खै, अब तिमीले कहिले बाइक किन्ने हो र म पनि तिमीसँग लपक्क टाँस्सिएर कहिले हेटौंडा, कहिले शहीद स्मारक, कहिले त्रिखण्डी, कहिले निजगढको भ्यू टावर र कहिले देवराली डाँडासम्मको लङ ड्राइभमा जाने हो। सबैको ब्यायफ्रेन्डहरूले आफ्नो गर्लफ्रेन्डलाई बाइकमा लिएर हिंड्छन्।

अङ्कित र उषा चढेको रिक्शा पानीटङ्कीको बाटो हुँदै श्रीपुरको भारतीय दूतावास चोक निस्कन्छ । दुवैजना रिक्शाबाट ओर्लिन्छन् र बिदा लिएर आआफ्नो गन्तव्यतिर लाग्छन्।

अङ्कित : (पैदलै घण्टाघरतिर जानेक्रममा) उषाले ठीकै भनी, जाबो एउटा मोटरसाइकल किन्न नसक्नेले के लभ गरेर हिंड्नु। अब म सबैभन्दा पहिला काम खोजेर आफ्नो खुट्टामा उभिने कोशिश गर्छु।

ooo

समय : बिहान । स्थान : हवल्दार इमानसिंहको डेरा।

सुशीला चामल केलाउँदै छिन्, इमानसिंह पोशाकमा आइरन गर्दैछन्, उषा बरन्डामा व्यायाम गर्दैछे र भाइकाजी गलैंचामा बसेर दिदी भिनाजुसित गफ गर्दैछ।

भाइकाजी : भिनाजु, हजुर बढुवा भएर इङ्गलिसपेक्टर हुनुभएछ। साह्रै खुशी लाग्यो।

सुशीला : तँलाई चाहिं के को खुशी लाग्यो ? घरमा आउँदा सालो चिया खाऊ भनेर सय पचास दिने होइन । नाक मात्र घोक्राएर के गर्छस् ?

चामल निफन्छे।

इमानसिंह : कसले भन्यो म इन्स्पेक्टर भएँ भनेर ?

भाइकाजी : (सुशीलातिर हेरेर) दिदीले । गाउँमा त सबैले सुशीलाको लोग्ने इङ्गलिशपेक्टर त भन्छन् नि। किन भिनाजु इङ्गलिशपेक्टर होइन र ?

इमानसिंह : इङ्गलिशपेक्टर ... ? यो इङ्गलिशपेक्टर भनेको चाहिं के नि ?

भाइकाजी : पिस्तोल भिर्ने मान्छे के।

इमानसिंह : (सुशीलातिर हेर्दै) मलाई हवल्दार हुनु र भन्नुमा गर्व छ । म इन्स्पेक्टर भएको छैन र होइन ? वाहियात दिदीभाइ।

पोशाकमा आइरन गर्न तरखर गर्छन्।

सुशीला : सालोलाई पनि हाकिमलाई भनेर एउटा काम लगाइदिनुपऱ्यो।

इमानसिंह : के हाकिमलाई भनसुन गर्ने अरे ? मबाट भनसुन गर्ने काम हुँदैन। मेरो नाम इमानसिंह हो । जतिन्जेल जागीर खाइन्छ, इमानले खाइन्छ । जागीर खाने योग्यता हुनुपरेन ?

सुशीला : नाप्यो तपाईंको आदर्शले ? दिदीले भाइलाई, भेनाले सालीलाई । काकाले भतिजलाई आफ्नो स्वकीय सचिव राख्न मिल्छ भने। हजुर हवल्दारले पनि आफ्नो सालो केटोलाई सिपाहीमा राखे भैहाल्यो नि।

इमानसिंह : राख्यो तेरो भाइलाई सिपाहीमा । इन्स्पेक्टरसमेत शुद्ध भन्ने नआउनेलाई।

उठेर आइरन तात्तियो कि तात्तिएन भनी छाम्छ र पोशाकमा घस्न थाल्छन्।

भाइकाजी : पर्दैन–पर्दैन । म विदेशै जान्छु। बरु भिनाजुले पचास/साठी हजार जति सहयोग गर्नुपऱ्यो।

इमानसिंह : आफूले त अहिलेसम्म साठी हजार रुपैयाँ एकमुस्ट गनेको छैन। अब तिमीलाई मैले कहाँबाट दिने ?

इमानसिंहले आइरन गरिसकेपछि पोशाक ह्याङ्गरमा झुन्ड्याउँछन्।

भाइकाजी : हेर, म कत्रो आशाले दिदी–भिनाजुलाई भेट्न आएको थिएँ। पछि यत्रो हातभरिको चोरी औंलाले स्यार–स्यार सार्ने मोबाइल बोक्ने हो भने देऊ बूढा।

उषा : मामा, बाबालाई होइन । बाबालाई त त्यही बटनवाला मोबाइल त चलाउन आउँदैन। बरु भान्जीलाई चाहिं पठाइदिनु होस् है। (व्यायाम गर्दै)

भाइकाजी : खै, गए भने त हो नि भान्जी। अब घरको लैनो भैंसी बेच्नुपर्ला।

सुशीला : पर्दैन त्यति राम्रो भैंसी बेच्न । (केलाएको चामल भाडामा खन्याउँदै)

घरबेटी–बज्यै : (नेपथ्यबाट) ए हवल्दार साप, हवल्दार साप।

इमानसिंह : ज्यू घरबेटी आमा, भित्रै पाल्नोस् न।

घरबेटी–बज्यै : त्यो फूलको बोटनेर बाँधेको कुखुराको भाले तपाईंको होइन ?

सुशीला : हो हो किन ? आधा किलो जति खाने हो ?

घरबेटी–बज्यै : के भन्छे यो हवल्दार्नी ? तिम्रो भालेले मेरो फूलको बोट खोस्रेर ढाल्न आटिसक्यो । तुरुन्त सारी हाल त।

सुशीला : जाबो कुखुराको भाले बाँध्दा त कराउँछ यो बूढी। खसी ल्याएर बाँध्यो भने त के गर्छे होली ?

इमानसिंह : चुप लागेर खाना पका। मलाई आज चाँडै ड्युटी जानु छ। खोइ को मन्त्री आउने भनेको सुनेको छु। यो नेता र मन्त्रीहरूको भ्रमणले पनि हैरानै पारिसक्यो।

सुशीला : बरु नेताको पत्नी भएको भए यतिबेला हातमा सुनको बाला, घाँटीमा हार, नाक र कानमा फुली र टप लगाएर पहेंलै भएर बसेको हुने थिएँ।

उषा : म पनि अस्ट्रेलियाको कलेजमा पढिरहेकी हुने थिएँ। ब्यागमा ल्यापटप, हातमा सामसङ कम्पनीको टेबलेट हुने थियो।

भाइकाजी : टेबलेट चाहिं हातमा किन भान्जी ? टेबलेट घरैमा खाएर गए हुँदैन र ?

सबैजना हाँस्छन्। भाइचाहिं सबैलाई हाँसेको देखेर टुलुटुलु हेरिरहन्छ।

सुशीला : जाबो केही न कामको ट्राफिक हवल्दार दिनभरि धूवाँ र धूलो खायो बुढेसकालमा दमको रोगी।

इमानसिंह : त्यति हेपेर न बोल । सबैले हवल्दार्नी साहेब भन्छे तँलाई। तेरी छोरीलाई हवल्दार सापको छोरी भन्छे, इज्जत गर्छे । त्यो इज्जत सम्मान तिमीहरूलाई यही ट्राफिक हवल्दारको जागीरले दिएको छ बुझिस् ? भात खान पुग्ने तलब दिएको छ । सस्तो राशन खाँदैछस्। मलाई ट्राफिक हवल्दार हुनुमा गर्व छ बुझिस् ? बुढेसकालमा कुटुकुटु खानलाई पेन्शन छ। त्यति हेपेर न बोल। मलाई मन पर्दैन।

क्रमशः

# कोरोना महामारी

कोरोना भने कस्तो यो बिमारी,
कति छिटो फैलियो संसारभरि ।
कोबिड–१९ यसको अर्को छ नाम,
सङ्क्रमित पार्ने, मान्छे मार्ने यसको छ काम ।
रुघाखोकी सास लिन अप्ठ्यारो,
ज्वरोसमेतको लक्षण गाह्रो ।
सास–सासबाट सङ्क्रमण सर्छ,
यसबाट बच्न केही उपाय गर्नुपर्छ ।
नाक मुख छोप्नु, मास्क लगाउनु,
साबुन पानीले हात धुनु, सेनीटाइजर लगाउनु,
सामाजिक दूरी कायम गरी आफूलाई जोगाउनु ।
यसरी सङ्क्रमण रोकिन्छ बढ्न,
मान्छे–मान्छेमा पाउँदैन सर्न ।
भीडभाडबाट बच्नु, नमस्कार मात्र गर्नु,
सके घरैमा बस्नू बाहिर निस्किंदा मास्क नभुल्नु ।
डाक्टर विज्ञको यस्तो छ भनाइ,
कोरोनाबाट बच्न यही छ उपाई ।
कस्तो भयानक यो रोग महामारी,
फैलि सकेछ संसार भरी ।
हजारौं लाखौं मान्छे मरेछ,
लाखौं लाख सङ्क्रमित भएछ ।
लकडाउन देश–देशमा छ जारी,
मारमा परेछ जनजनको रोजगारी ।
आजसम्म न यस्को कुनै दवाई,
सरकारहरुको भएका टाउको दुखाई ।

- **वैधनाथ महतो कुशवाहा "साधु"**, सिसहनिया–७, बारा
हाल : कउपमनपा–२५

## सामान्य जानकारी

- धान उत्पादन गर्ने देश: चीन
- सुर्ती उत्पादन गर्ने देश: चीन
- गहुँ उत्पादन गर्ने देश: फ्रान्स
- अलैंची उत्पादन गर्ने देश: नेपाल
- गोलभेंडा उत्पादन गर्ने देश: इटाली
- चिया उत्पादन गर्ने देश: भारत
- आँप उत्पादन गर्ने देश: भारत
- कफी उत्पादन गर्ने देश: ब्राजिल
- चिया खपत गर्ने देश: बेलायत (विश्वको करिब ४० प्रतिशत)
- कफी खपत गर्ने देश: स्वीट्जरल्यान्ड
- केराउ उत्पादन गर्ने देश: अस्ट्रेलिया
- केरा उत्पादन गर्ने देश: अस्ट्रेलिया
- आलु उत्पादन गर्ने देश: जर्मनी
- जूट उत्पादन गर्ने देश: बङ्गलादेश
- प्राकृतिक रबर उत्पादन गर्ने देश: थाइल्यान्ड
- बढी जङ्गल भएको देश: ब्राजिल
- सबैभन्दा ठूलो मरुभूमि: सहारा मरुभूमि
- नेपालको सबैभन्दा ठूलो ढोका: नारायणहिटी राजदरबारको ढोका

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा बाढी र आँधी, ४४ को मृत्यु

न्युयोर्क, १८ साउन/एएफपी

अमेरिकामा आएको बाढी र आँधीका कारण कम्तीमा ४४ जनाको मृत्यु भएको छ। देशको उत्तरपूर्वी क्षेत्रमा पर्ने न्युयोर्क र न्युजर्सी राज्यमा गत बिहीवार रातभरि बाढी र आँधी आएको थियो। सो घटनालाई धेरैले ऐतिहासिक घटनाको संज्ञा दिएका छन्।

"म अहिले ५० वर्षको भएँ, यस्तो घटना अहिलेसम्म देखेको थिइनँ, यति धेरै वर्षा, आँधी र बाढी कहिले पनि आएको थिएन होला"– स्थानीय मेटोडिजा मिहाज्लोभले भने। बाढीका कारण आफ्नो रेस्टुरा पनि पूरै डुबानमा परेको र धेरै क्षति भएको उनले जानकारी दिए। "म त जङ्गलमा बसेको छु जस्तो लागेको थियो, विश्वासै गर्न नसकिनेगरी वर्षा र बाढी आएको थियो, त्यसले धेरै कुरामा क्षति गरेको छ"–उनले थपे। केही बासिन्दा बाढीको चपेटामा परेका कार र भवनका सबैभन्दा मुनिको तलामा फसेका थिए।

मृत्यु हुनेमध्ये अधिकांश पानीको तह बढेपछि आफ्नै सवारीसाधनमा फसेका थिए। घटनाबारे टिप्पणी गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले यस घटनालाई जलवायु परिवर्तनसँग जोडेर हेर्नुपर्ने बताए।



बाढी र आँधीबाट प्रभावित क्षेत्रमा बचाव कार्य गर्दै सुरक्षाकर्मी। तस्वीरः एपी

उनले जलवायु परिवर्तन न्यूनीकरण गर्न नसके यस्तो सङ्कट अरू पनि आइलाग्न सक्ने भन्दै त्यसका लागि पर्याप्त लगानी आवश्यक रहेको कुरामा जोड दिए।

अहिले अमेरिकाले देशैभरि जलवायुसम्बन्धी सङ्कट भोगिरहेको र त्यसको सामना गर्नुपरिरहेको बताउँदै यसलाई उनले जीवन वा मरणको सवालको रूपमा उल्लेख गरे। समुद्री सतहको तापक्रम बढ्दा त्यसमाथिको हावा तातेर तुफान, चक्रवात र समुद्री हुरी उत्पन्न गर्न शक्ति प्रदान गर्ने भएकोले यस्ता घटना अझ बढ्ने विज्ञहरूले आकलन गरेका छन्। रासस

## जापानका प्रधानमन्त्री सुगाले राजीनामा दिने

टोकियो, १८ भदौ/एएनआई

जापानका प्रधानमन्त्री योशिहिडे सुगाले प्रधानमन्त्री पदबाट राजीनामा दिने भएका छन्।



कोरोना भाइरसको महामारी नियन्त्रणका लागि प्रभावकारी काम गर्न नसकेको भन्दै आलोचना भएकोले उनले राजीनामा दिन लाग्नु भएको हो।

प्रधानमन्त्रीको जिम्मेवारी लिएको झन्डै एक वर्षमैं उनी जिम्मेवारीबाट बाहिरिन लागेका हुन्। उनको पार्टीमा निर्वाचनका कारण पनि उनले अहिले नै बाहिरिनुपर्ने अवस्था आइलागेको देखिएको छ।

उनको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)को निर्वाचन यही सेप्टेम्बर २९ तारिखमा हुन लागेको छ।

त्यो निर्वाचनबाट नयाँ नेता आएपछि उनलाई नै सुगाले जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ। त्यसैले प्रधानमन्त्री सुगाले यही सेप्टेम्बर ३० देखि प्रधानमन्त्रीको जिम्मेवारी छोड्ने जनाइएको छ।

पार्टीका नेताहरूसँग भएको बैठकमा प्रधानमन्त्री सुगाले पार्टीको निर्वाचनमा आफूले उम्मेदवारी नदिने र प्रधानमन्त्रीको जिम्मेवारी पनि परित्याग गर्ने बताएका थिए।

प्रधानमन्त्री सुगाले पार्टीको नेतृत्व नयाँ नेतालाई दिने मनस्थिति बनाएको एडिपीका महासचिव तोशिहिरो निकीले जानकारी दिए। उनले अघिल्लो वर्षको सेप्टेम्बरमा तत्कालीन प्रधानमन्त्री सिन्जे आबेले राजीनामा दिएपछि प्रधानमन्त्रीको जिम्मेवारी पाएका थिए। लामो समय जापानको नेतृत्व गरेका सिन्जेका अति विश्वासपात्रका रूपमा चिनिएका सुगाले भने झन्डै एक वर्षमात्रै जापानको नेतृत्व गर्ने भएका छन्। रासस

## कोरोना सङ्क्रमणको दर अझ बढ्न सक्ने

लन्डन, १८ भदौ/सिन्ह्वा

बेलायतका शिक्षामन्त्रीले बालबालिका विद्यालय जान लागेकाले यहाँको कोरोना सङ्क्रमणको दर अझ बढ्न सक्ने बताएका छन्।

शिक्षामन्त्री ग्याबिन विलियिमसनले सो कुरा बताएका हुन्।

उनले भनेका छन् कि अहिले लन्डनमा केही मात्रामा भए पनि कोरोना भाइरसको सङ्क्रमण घटेको भए पनि आगामी हप्ता यहाँका विद्यालय खुल्ने भएका छन्।

ती विद्यालय खुलेपछि सयौं हजार बालबालिका विद्यालय जानेछन्। यसबाट देशमा कोरोना भाइरसको सङ्क्रमणको दर बढ्न सक्ने देखिएको मन्त्री ग्याभिन विलियम्सले बताएका हुन्।

उनले विद्यालय खुला भएपछि ती सबै विद्यालयका शिक्षक, बालबालिका तथा अरू कर्मचारीलाई पनि स्वास्थ्य जाँच गर्न आग्रह गरिएको बताएका छन्।

उनले भने–"यसै कारणले हामीले बढीभन्दा बढी बालबालिका तथा नागरिकलाई कोरोना भाइरसको परीक्षण गराउन आग्रह गरेको र पहिलेको तुलनामा परीक्षणको काम तीव्र बनाएका छौं।" रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – मित्रमिलन |
| मिथुन – कान्तिक्षय | कर्कट – सुयश |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – कर्मप्राप्ति | वृश्चिक – अलमल |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – अलमल | मीन – कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## खाद्यान्न सङ्कट छैन : श्रीलङ्का

कोलोम्बो, १८ भदौ/सिन्ह्वा

श्रीलङ्कामा खाद्यान्न सङ्कट भएको प्रकाशित समाचारको यहाँको सरकारले खण्डन गरेको छ।

श्रीलङ्काली सरकारले यहाँ खाद्यान्नको आपूर्ति नभएको र यहाँ अहिले नै खाद्य सङ्कटकालको घोषणा गर्नुपर्ने अवस्था पनि नरहेको बताएको हो।

हालै मात्र स्थानीय केही सञ्चारमाध्यमले यहाँ खाद्यान्नको अभाव भएको र श्रीलङ्काली सरकारले खाद्य सङ्कट घोषणा गर्न लागेको बताएका थिए।

तर पनि त्यस्तो अवस्था नरहेको सरकारले जनाएको छ। यहाँका बजार तथा उद्योग विकासमन्त्री अजित निब्रद काबराललले त्यस्तो अवस्था नरहेको र यस्तो घोषणा गर्नुपर्ने अवस्था पनि नआएको बताएका छन्। उनले हाल यहाँ श्रीलङ्कामा नै उत्पादित चिनी र चामल उपलब्ध रहेको र बजारमा कुनै पनि खाद्यान्नको अभाव भएको कुनै रिपोर्ट सरकारलाई नआएको बताए। रासस

## कोभ–२ र हैजाविरुद्ध खोपको 'क्लिनिकल ट्रायल'

काठमाडौं, १८ भदौ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्स कोभ–२ र हैजा रोगविरुद्ध खोपको 'क्लिनिकल ट्रायल' अुरूआत गर्ने भएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले ती रोगका क्रमशः 'एमआरएनए' र 'कोलेरा' खोपको 'क्लिनिकल ट्रायल' शुरू गर्न लागेको हो।

यही भदौ १० गते मन्त्रिपरिषद्को बैठकले ती रोगविरुद्ध खोपका लागि 'क्लिनिकल ट्रायल' गर्न अनुमति दिने निर्णय गरेको थियो। परिषद्का कार्यकारी निर्देशक डा प्रदीप ज्ञवालीले दुवै खोपको परीक्षण दुई हप्ताभित्र शुरू गरिने जानकारी दिए। उनले कोभ–२ विरुद्ध 'एमआरएनए' परिषद्ले धरानस्थित विपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा देउराली जनता फार्मास्युटिकल्ससँग सहकार्य गरेर हैजाको 'कोलेरा' को परीक्षण विपीसहित, धुलिखेल अस्पताल, कान्ति बाल अस्पताल र नेपालगंज मेडिकल कलेज नेपालगंजमा गर्ने बताए।

खोप उत्पादक कम्पनीले खोप 'एमआरएनए' पहिलो र दोस्रो चरणको सफल परीक्षणपछि नेपालमा तेस्रो चरणको परीक्षण गर्न थालिएको हो। चीनको वालभ्याक्स कम्पनीले उत्पादन गरेको कोरोनाविरुद्ध 'एमआरएन' खोप नेपालमा परीक्षण गर्न थालिएको उनले बताए।

उक्त कम्पनीले २८ हजारजनामा परीक्षण गर्ने र नेपालमा तीन हजार जनामा परीक्षण गर्ने जानकारी दिएको छ। सोही अनुसार तेस्रो क्लिनिकल ट्रायल विपी प्रतिष्ठान धरानमा हुनेछ।

मानिसमा खोप परीक्षण गर्नु अगाडि प्रयोगशाला र जनावरमा गरिन्छ। मानिसमा पहिलो र दोस्रो चरणको परीक्षण गर्दा थोरै जनसङ्ख्यामा गरिन्छ। "खोप परीक्षण गर्दा धेरैमा कति सुरक्षित छ भन्ने हेरिन्छ"– कार्यकारी निर्देशक डा ज्ञवालीले भने–"तेस्रो चरणमा परीक्षणमा धेरै सुरक्षित भए मात्र खोप लगाउन अनुमति दिइन्छ।" परीक्षणका क्रममा खोपको सुरक्षा, प्रभावकारिता र कुन उमेर समूहका व्यक्तिलाई बढी प्रभावकारी हुन्छ भनेर पनि अध्ययन गरिन्छ। उनले परीक्षण गर्दा कुनै व्यक्तिमा कुनै समस्या परे त्यसको सम्पूर्ण जिम्मा खोप उत्पादक कम्पनीले लिने बताए।

"परीक्षणाका क्रममा खोप दिएकाहरूमा कुनै असर देखिए उत्पादन कम्पनीले नै सम्पूर्ण जिम्मा लिन्छ"– उनले भने–"कसैमाथि जबर्जस्ती वा गुपचुप खोप परीक्षण गरिंदैन।"




तस्वीरः फाइल

परीक्षणका लागि चीनबाट खोप अझै आइसकेको छैन। परिषद्ले सुनसरी जिल्लाका स्थानीयवासीमा परीक्षण गर्ने जनाएको छ। अहिले नेपालमा प्रयोग गरिएका खोप कोभिसिल्ड, भेरोसेल, जोन्सन एन्ड जोन्सन र एस्ट्राजेनिका खोप बाहिरी मुलुकमा नै परीक्षण गरिएका हुन्। नेपालमा परीक्षण गर्दा नेपालीको वंशाणुगत गुण अनुसार कति प्रभावकारी हुन्छ भन्ने थाहा हुने परिषद्का कार्यकारी निर्देशक डा ज्ञवालीले जानकारी दिए।

साथै नेपालमा परीक्षण हुँदा कम्पनीले नेपाललाई सहुलियतमा प्राथमिकताका साथ खोप पनि उपलब्ध गराउने सहमति भएको छ। "परीक्षण भएपछि त्यो खोप सबभन्दा पहिलो हामीले पाउँछौं"– उनले भने–"हामीले खोप नदिइसम्म कम्पनीले अन्य देशलाई बेच्न पाउँदैन। हामी समयमा र उत्पादनमा लागेको खर्च मात्र दिएर खोप पाउन सक्छौं।"

परिषद्की अनुसन्धान अधिकृत नमिता घिमिरेले हैजाविरुद्ध खोप 'कोलेरा' १ देखि ४० वर्ष उमेर समूहका करीब दुई हजार पाँच सय व्यक्तिमा गरिने जानकारी दिइन्। हैजाविरुद्ध खोप कोरियन उत्पादक कम्पनीको सहयोगमा परीक्षण गरिन थालेको हो। कोलेरा खोप दुई हप्ताबीच दुईपटक लगाउनुपर्ने हुन्छ।

औषधि व्यवस्था विभागमा उक्त कम्पनीले आपत्कालीन प्रयोगका लागि 'एमआरएन' खोपको अनुमति अझै माग गरेको छैन। सूचना अधिकारी सन्तोष केसीले कम्पनीले परीक्षण प्रयोगका लागि अनुमति माग नगरेको बताए।

"मन्त्रिपरिषद् र स्वास्थ्य परिषद्ले ट्रायलका लागि अनुमति प्रदान गरिसकेको छ"–उनले भने–"हामीसँग कम्पनीले अझै अनुमति मागेको छैन। मागन आएको खण्डमा हामी तुरुन्तै अनुमति दिन्छौं।" विभागले 'एमआरएन' खोप परीक्षणको अनुमति दिएपछि मात्र परीक्षण गरिने छ।

उनका अनुसार अहिलेसम्म विभागले कोभिड–१९ आपत्कालीन प्रयोगका लागि भारतबाट उत्पादित खोप कोभिसिल्ड र कोभ्याक्सिन, चीनबाट सिनोफार्मको कम्पनीको भेरोसेल र सिनोभ्याक्स, रसियन कम्पनी स्पुतनिक 'भी'र अमेरिकन खोप जोन्सन एन्ड जोन्सनलाई अनुमति प्रदान गरेको छ। नेपालमा अहिलेसम्म एक करोडभन्दा बढीले खोप लगाइसकेका छन्।

## टेलिकमको मोबाइलमा समस्या, अनावश्यक एप हटाउन आग्रह

काठमाडौं, १८ भदौ/रासस

नेपाल टेलिकमको मोबाइल नम्बरमा समस्या देखिएको छ। विगत केही दिनदेखि टेलिकमका मोबाइल नम्बरमा विदेशबाट मिस्डकल आउने र कल गर्दा नबोल्ने, पैसा काटिनेजस्ता समस्या देखिएको टेलिकमले जनाएको छ।

टेलिकमले बिहीवार एउटा सूचना जारी गर्दै सो समस्या आएकोले मोबाइल फोनमा भएका अनावश्यक र शङ्कास्पद एप हटाउन आग्रह गरेको हो। कम्पनीको मोबाइल सेवाका ग्राहकको मोबाइलबाट अटोडायल हुने, अटोडायल भएका ग्राहकको मोबाइलमा कललग नदेखिने र बाह्य कल सफल भएको अवस्थामा पैसा काटिनेजस्ता अवस्था पनि पाइएको छ।

यस्ता घटना सम्भवतः ग्राहकको मोबाइलमा रहेका कुनै एप वा वेबसाइटका माध्यमबाट हुनसक्ने भएकोले वेबसाइटमार्फत हुनसक्ने यस्ता अनधिकृत कार्यका सम्बन्धमा कम्पनीका तर्फबाट आवश्यक विश्लेषण कार्य भइरहेको छ।"




कम्पनीका ग्राहकले आफ्नो मोबाइल सेटमा अनावश्यक र शङ्कास्पद एपहरू इन्स्टल नगर्न वा हटाउन टेलिकमले अनुरोध गरेको छ।

सूचनामा भनिएको छ–"सामान्यतया कम्पनीका उपकरणबाट यस्ता अनधिकृत कल नहुने भए पनि कम्पनीका ग्राहकको सुविधाका लागि सम्भवतः कुनै एप तथा

टेलिकमले अनधिकृत र अनावश्यक कलबाट बच्नका लागि सतर्क हुन आग्रह गर्दै उपलब्ध गराउने लकिङ कोडको प्रयोग गरी आवश्यक परेको समयमा आइएसडी सेवा खोली कल गर्ने र आवश्यक नहुने समयमा सो सेवा पुनः बन्द गर्न सकिने जनाएको छ।

### अफगानिस्तानबाट ८६० जना....

८६० जनाको उद्धार गरिएको र ती सबै स्वदेश आइसकेका पनि मन्त्रालयले आज अपराह्न प्रेस विज्ञप्ति निकालेर जनाएको छ। आगमनपछि उनीहरूलाई कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रबाट स्वास्थ्य मापदण्डअनुसार प्रक्रिया पूरा गरी व्यवस्थापन गरिएको छ। अफगानिस्तानमा रहेकाहरूलाई कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको 'अनलाइन पोर्टल' तथा विभाग, परराष्ट्र मन्त्रालय, मन्त्रालयको 'सिचुएशन रूम' र नयाँदिल्लीस्थित नेपाली दूतावासमा आफ्नो नामसहितको विवरण दर्ता गराउन पनि मन्त्रालयले अनुरोध गरिएको छ।


## खोप लिन अनुरोध

पर्सागढी नगरपालिकामा यही मिति २०७८/०५/१९ गतेदेखि २१ गतेसम्म कोरोनाविरुद्धको कोभिशिल्डको पहिलो खोप लगाएका ज्येष्ठ नागरिकसमेत नगरवासी, शिक्षक र १८ वर्ष पूरा गरेका कक्षा १२ को परीक्षामा सम्मिलित हुने विद्यार्थीहरूलाई नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थामा गएर खोप लगाउन अनुरोध छ।

**लोकनारायण यादव** (नगरप्रमुख), **पर्सागढी नगरपालिका**

# छुट्टाछुट्टै दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, महोत्तरी, १८ भदौ/

महोत्तरीमा शुक्रवार छुट्टाछुट्टै घटनामा दुईजनाको मृत्यु भएको छ। २८ वर्षीया एकजना महिलाको करेन्ट लागेर मृत्यु भएको छ भने ५५ वर्षीय एक पुरुषको डुबेर मृत्यु भएको छ।

जिल्लाको लोहारपट्टि नगरपालिका वडा नं ७ घर भएकी शोभा यादवको मटिहानी नगरपालिका वडा नं २ बर्दाहास्थित माइतीघरमा आएको बेला करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

उनलाई पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेको थियो। शुक्रवार दिउँसो करेन्ट लाग्ने बित्तिकै उपचारका लागि जनकपुरतर्फ लाने क्रममा बाटोमैं मृत्यु भएको महोत्तरी प्रहरीका प्रवक्ता प्रकाश विष्टले जानकारी गराएका छन्।

यसैगरी, महोत्तरी जिल्लाकै सोनमा गाउँपालिका वडा नं ७ सुन्दरपुरमा मलामी गएका एकजनाको पोखरीमा डुबेर मृत्यु भएको छ। स्थानीय एक वृद्धाको दाह संस्कार गरी फर्किरहेका ५५ वर्षीय उपेन्द्र बैठाको गाउँकै पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको जिप्रका महोत्तरीले जनाएको छ।

# पालिकास्तरीय अभिमुखीकरण सम्पन्न

धमेन्द्र चौरसिया, कलैया, १८ भदौ/

आरम्भ परियोजनाको आयोजनामा पालिकास्तरीय अभिमुखीकरण कार्यक्रम बाराको बारागढी गाउँपालिकामा सम्पन्न भयो।

GEC/UKAID को आर्थिक सहयोगमा सञ्चालित उक्त परियोजना कार्यान्वयनको प्रारम्भमा परियोजनाबारे स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई विस्तृत जानकारी दिन कार्यक्रम आयोजना गरिएको हो। सो अवसरमा पालिकास्तरीय परियोजना सल्लाहकार समिति गठन गरिएको आयोजक संस्थाले जनाएको छ।

साझेदार संस्थाहरू (पिन नेपाल, आसमान नेपाल र सामाजिक संस्था जिल्ला समन्वय समिति), परियोजना लागू हुने पालिका र स्थानीय सल्लाहकार समितिको काम, कर्तव्य, अधिकारबारे आसमान नेपाल बाराका संयोजक रामसुरेश ठाकुरले प्रकाश पारेका थिए।

बारागढी गाउँपालिकाका अध्यक्ष देवदत्त बछार थारूको अध्यक्षतामा स्थानीय परियोजना सल्लाहकार समिति गठन भएको छ। गठित समितिमा पालिकाका शिक्षा शाखा प्रमुख संयोजक छन्। समितिका सदस्यहरूमा स्वास्थ्य शाखा प्रमुख, महिला तथा बालबालिका शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख छन्। समितिका आमन्त्रित सदस्यहरूमा पालिकाकी उपाध्यक्ष लक्ष्मीदेवी राय, प्रमुख प्रशासकीय अधिकृत आमोद चौधरी र वडाध्यक्षहरू छन्।

आरम्भ परियोजनाको कार्यान्वयनले बारागढी गाउँपालिकालाई साक्षर गाउँपालिका बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पालिकाका प्रमुख प्रसाशकीय अधिकृत आमोद चौधरीले बताए।

कार्यक्रममा साझेदार संस्था आसमान नेपालबाट शिक्षा अधिकृत रामप्रवेश यादव, सामुदायिक संलग्न अधिकृत रचना बस्नेत, अनुगमन अधिकृत बिन्दु गुरुङलगायतको सहभागिता थियो।

बारा जिल्लामा सबैभन्दा बढी किशोरीहरू निरक्षर रहेकाले उमेर नपुगी विवाह गरेर पढ्न नपाएका, कुनै कारणवश बीचमैं विद्यालय छोडेर बसिरहेका किशोरीहरूका लागि परियोजना सञ्चालन गरिएको हो। विगतका वर्षहरूमा जिल्लाको देवताल, सुवर्ण, आदर्श कोतवाल गाउँपालिकाका साथै पचरौता नगरपालिकामा उक्त परियोजना लागू भइसकेको छ। यस वर्ष बारागढी गाउँपालिका र करैयामाई गाउँपालिकामा कार्यक्रम शुरू भएको आरम्भ परियोजनाका प्रबन्धक सञ्जीव गुप्ताले जानकारी गराए।







त्यसैगरी, करैयामाई गाउँपालिकामा पनि सोही कार्यक्रम सम्पन्न भएको छ।

गापा अध्यक्ष भुनेश्वर चौधरीको अध्यक्षतामा गठित सल्लाहकार समितिमा उपाध्यक्ष चित्ररेखा चौधरी, शिक्षा शाखा संयोजक, स्वास्थ्य शाखा, महिला तथा बालबालिका शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख रहेका छन् भने सदस्यहरूमा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र यादव, वडाध्यक्षहरू र कार्यपालिका सदस्यहरू रहेका छन्।

कार्यक्रममा पालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, निर्वाचित जनप्रतिनिधिहरू, विषयगत शाखा प्रमुखहरूलगायत साझेदार संस्था आसमान नेपालबाट परियोजना प्रबन्धक सञ्जीव गुप्ता, पिन नेपालका उपकार्यक्रम प्रबन्धक अनुरोध साह, शिक्षा अधिकृत रामप्रवेश यादव, सामुदायिक संलग्न अधिकृत रचना बस्नेत, अनुगमन अधिकृत बिन्दु गुरुङसमेतको सहभागिता थियो।

# ब्राउन सुगरसहित एकजना पक्राउ

प्रस, सिराहा, १८ भदौ/

लागूऔषध ब्राउन सुगरसहित सिराहाबाट प्रहरीले एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिराहाको मिर्चैया नगरपालिका वडा नं ५ का २६ वर्षीय मोहम्मद नियाज शेख रहेको प्रहरीले जनाएको छ।

शेखलाई सिराहा नगरपालिका वडा नं १७ कालीचोकबाट ब्राउन सुगरसहित शुक्रवार प्रहरीले पक्राउ गरेको हो। शङ्का लागेर चेकजाँच गर्दा उनको साथबाट १० ग्राम ५ सय मिलीग्राम ब्राउन सुगर फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुवास बुढाथोकीले जानकारी दिएका छन्।




## एनआइसी एशिया.....

छन्।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरिक्षक दीपक थापाले दुईजना चोर रेनकोट लगाएर आएका र उनीहरूसँग अक्सिजन सिलिन्डरसहित वेल्डिङ मेशिन रहेको र त्यसले सटर काटेर राति पौने दुई बजे बैंकभित्र पसेको बताए। चोरहरूले गरेको यतिसम्मको गतिविधि सिसिटिभी क्यामरामा कैद छ। बाँकी उनीहरू प्रवेश गर्नासाथै सिसिटीभी क्यामराको तार काटेको थिए। चोरहरूले पैसा भएको लकर फुटाउने प्रयास गरेको तर सफल हुन नसकेको प्रहरीको भनाइ छ।

चोरहरू सटर काट्न प्रयोग गरेको सामग्री त्यहीं छाडेर भागेका थिए। इप्रका पोखरियाका प्रनि थापाले आज बिहान बैंक खोल्न सुरक्षागार्ड पुग्दा चोरीको घटना सार्वजनिक भएको बताए। उनले बैंकले दिउँसोको लागि सुरक्षा गार्डको व्यवस्था गरेको तर राति नगरेको कारण चोरहरूबाट वारदात भएको बताए। घटनास्थलमा प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे पनि पुगेका थिए। उनले सीमावर्ति भारतबाट चोर आएको हुन सक्ने आशङ्कामा भारतीय सुरक्षाकर्मीसँग यसबारे छलफल गरिएको बताए।

# पर्सागढीमा आँखा र दाँतको पनि उपचार शुरू

प्रस, पर्सागढी, १९ भदौ/

पर्सागढी नगरपालिका-३ पकडिया बढनिहार बजारमा शुक्रवार आयोजित आँखा तथा दाँत क्लिनिकको उपप्रमुख अर्चना चौधरीले उद्घाटन गरिन्।

एभरेष्ट आँखा तथा दाँत उपचार केन्द्रको उद्घाटन गर्दै उपप्रमुख चौधरीले पर्सागढी नगरपालिकामा अन्य सेवाका लागि क्लिनिकहरू सञ्चालनमा रहेपनि आँखा र दाँत क्लिनिक नरहेकोमा आजदेखि सोको पनि व्यवस्था भएकोमा प्रशंसा गरिन्। उनले आँखा र दाँत उपचारका लागि नगरवासी वीरगंजलगायत ठाउँमा धाउनुपर्ने र निश्शुल्क शिविरको बाटो कुरेर बस्नुपर्ने अवस्था अब नरहने बताइन्।

क्लिनिक सञ्चालक जितेन्द्र गिरीले आफ्नो क्लिनिकमा आँखा र दाँतको दुईजना चिकित्सकको व्यवस्था गरेको बताए। उनले दन्त सेवामा दाँत मिलाउने, आरसिपी, स्किलिंग, फिलिङ, एक्स-रे जस्ता सेवा प्रदान गरिने बताए। यसैगरी आँखाको चेकजाँच, पावर चेक, चश्मा जाँच, आँखाको प्रेसर, सुखापन, मधुमेहबाट आँखामा परेको असरआदिको चेकजाँच हुने बताए। सञ्चालक गिरीले आँखा र दाँतका सबै परीक्षण कम्प्युटर प्रविधिबाट हुने जानकारी गराए।




यसैबीच क्लिनिक सञ्चालनको पहिलो दिन आज पचासजनाको निश्शुल्क आँखा र दाँत चेकजाँच गरिएको थियो। उद्घाटन समारोह मिर्मिरे युवा क्लबका अध्यक्ष सुरज मानन्धरको अध्यक्षतामा भएको थियो।

# ४६ छात्रालाई साइकल वितरण

प्रस, पंचगावाँ, १९ भदौ/

प्रदेश नं २ का मुख्यमन्त्रीको "बेटी पढाऊ, बेटी बचाऊ" अभियान अन्तर्गत साइकल वितरण गरिएको छ।

सखुवाप्रसौनी गाउँपालिका-१ औराहास्थित भोलेशङ्कर आधारभूत विद्यालयमा १७ जना, नेरामावि सिरहीसथवलका २० जना र नेराआवि सिधपुरमा ९ जना गरी ४६ जना छात्रालाई साइकल वितरण गरिएको छ।




सखुवाप्रसौनी गाउँपालिकामा रहेका तीनवटा विद्यालयका कक्षा ८ मा अध्ययनरत ४६ जना छात्रालाई शुक्रवार

सखुवाप्रसौनी गापाका वडाध्यक्ष विश्वनाथ पटवारीको अध्यक्षता तथा प्रदेशसभा सदस्य मन्जुर अन्सारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जसपाका केन्द्रीय सदस्य फिरोज मन्सुर, शिवकुमार साह, भागवत थारू, वडासदस्य रामाखाँ थारू, पारस महतोलगायतले शुभकामना व्यक्त गरेका थिए।

# एमाले उपाध्यक्ष गौतमको राजीनामा

काठमाडौं, १८ भदौ/रासस

नेकपा (एमाले)का उपाध्यक्ष वामदेव गौतमले पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिएका छन्। पार्टी अध्यक्ष केपीशर्मा ओलीलाई सम्बोधन गरिएको राजीनामा पत्र उपाध्यक्ष गौतमले आज पार्टी केन्द्रीय कार्यालय थापाथलीमा दर्ता गराएका छन्।

राजीनामापत्रमा उनले संविधान जारी भएपछि भएको पहिलो प्रतिनिधिसभाको निर्वाचन-२०७४ मा एमाले र नेकपा (माओवादी केन्द्र)को साझा घोषणापत्रलाई कार्यान्वयन नगरेको तथा सरकारको कामलाई पटकपटक सर्वोच्च अदालतको संवैधानिक इजलासले असंवैधानिक भन्दै खारेज गरेपछि पनि सुधार गर्न नसकेको आरोप लगाएका छन्।

अध्यक्ष ओलीलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, "म आफैं संलग्न भएर निर्माण भएको नेकपा (एमाले)मा तपाईंकै गलत विचार, प्रवृत्ति र शैलीका कारण यस पार्टीमा रहिरहन असमर्थ भएकाले आजको मितिबाट पार्टीको उपाध्यक्ष पद र पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिएको छु।"

राजीनामापत्रमा जनताको बहुदलीय जनवाद र जननेता मदन भण्डारीका विचार र मान्यता संविधानको सर्वोच्चता



र कानूनी राज्यको सिद्धान्तलाई पालना नभएको, कम्युनिस्ट पार्टीले जनताको जनादेशको आधारमा राज्यसत्ता सञ्चालन गर्नुपर्छ भन्ने मान्यताका विपरीत जनताको अत्यधिक बहुमतलाई लत्याउँदै २०७५ पुस ५ र २०७८ जेठ ७ गते दुई/दुई पटक संविधानविपरीत जनताद्वारा निर्वाचित सदन भङ्गगरिएको उल्लेख छ।

अध्यक्ष र प्रधानमन्त्री भएपछि पार्टीको राजनीतिक कार्यदिशा, विधान तथा पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता र सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी पालना नभएको आरोप लगाउँदै नेता गौतमले पार्टीलाई लोकप्रिय बनाउन सरकार गठनको एक वर्षपछि आफूले लिखित सुझाव दिएको बताउनुभएको छ। आफ्ना समकक्षी कमरेडलाई एकपछि अर्को गरी अपमान गर्ने, कारबाही गर्ने र पार्टीबाट निस्काशनजस्ता स्वेच्छाचारी तथा निरङ्कुश प्रवृत्ति र शैली अँगाल्नुभयो, त्यतिमात्र होइन राष्ट्रपतिसमेतलाई आफ्ना स्वेच्छाचारी तथा सर्वसत्तावादी नीति र निर्णय कार्यान्वयन गर्न दुरूपयोग गर्नुभयो," राजीनामापत्रमा उलेख छ।

# गोदाममा छापामारी, लाखौं मूल्यको सामान बरामद

प्रस, सिम्रौनगढ, १९ भदौ/

सीमावर्ती भारतको घोडासहन शहरको एउटा गोदाममा प्रहरीले छापा मारी ६ लाख रुपैयाँबराबरको कपडा बरामद गरेको छ।

शुक्रवार दिउँसो छापा मारिएको र १० बोरा कपडा बरामद भएको घोडासहन थाना प्रमुख अखलेश मिश्रले बताए।

उनले तस्करीको माध्यमबाट नेपाल लैजाने उद्देश्यले सो गोदाममा कपडा सञ्चय गरिएको सूचनाका आधारमा छापामारी गरिएको बताए।

उनले घटनाविरुद्ध उजूरी दर्ता भएको र अभियुक्तहरूको खोजी भइरहेको बताए।


छापामारीबाट बरामद सामान। तस्वीरः प्रतीक